का.जि.प्र.का.द.नं. १००/०५९/६०
१० पुस २०८२
बिहीबार
25 December 2025
Thursday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्याह्न
राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २३, अंक ३१५ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

## राष्ट्रिय सभा निर्वाचन

# गठबन्धनको कसरतमा एमाले-कांग्रेस






चुनावी गठबन्धन गर्ने सम्बन्धमा एमाले र नेपाली कम्युनिस्ट पार्टी दुवैबाट प्रस्ताव आएको छ ।

■ **प्रकाशशरण महत**
प्रवक्ता, कांग्रेस

गठबन्धन गर्दा कांग्रेससँग नै गर्ने कि भन्ने छ । गठबन्धन हुँदा सायद त्यही नै हुन्छ ।

■ **गोपाल भट्टराई**
नेता, एमाले

■ **दिवाकर अधिकारी**/ मध्यान्ह

नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टी दुवैले नेपाली कांग्रेससँग गठबन्धन गर्न चाहेका छन् । तर कांग्रेसले औपचारिक रूपमा कुनै निर्णय लिइसकेको छैन ।

विस्तृत पृष्ठ २ मा

# सरकारका देखिने दुई मन्त्री

## अर्थमन्त्री र ऊर्जामन्त्रीको कार्यशैलीले जगाएको आशा सय दिनसम्मै कायम छ ।

**छवि सापकोटा**/**मध्यान्ह**
काठमाडौं ९ पुस



प्रधानमन्त्री सुशीला कार्कीले असोज ५ गते उद्योगी व्यवसायीसँगको छलफलमा भनेकी थिइन्, 'कुलमानजीलाई नराखेको भए मन्त्रिमण्डल नै नबन्ने अवस्था थियो ।'

कार्कीको यो अभिव्यक्तिले नै अन्तरिम सरकारमा ऊर्जासहित तीन मन्त्रालयको जिम्मेवारी लिएका कुलमान घिसिङको भूमिका बुझाउँछ । सरकारले एक सय दिन पूरा गर्दा देखिने काम गर्नेमध्ये उनी अगाडि छन् । भर्खर खोलेको नयाँ दलको चुनावी तयारीसँगै आफूले सम्हालेका तीन मन्त्रालयमा घिसिङ सक्रिय छन् ।

कार्य सम्पादनका दृष्टिले कार्की सरकारमा दुई मन्त्रीको भूमिका प्रभावकारी देखिन्छ, घिसिङ र अर्थमन्त्री रामेश्वर खनाल । जेनजी आन्दोलनपछि बन्ने सरकारमा तत्कालीन परिस्थितिलाई समाल्ने गैरराजनीतिक व्यक्तिको खोजीका क्रममा उनीहरू सर्वस्वीकार्य बनेका थिए । पूर्वअर्थसचिव खनाल अर्थतन्त्र बुझेका अर्थशास्त्री हुन् भने घिसिङ झन्डै एक दशक नेपाल विद्युत् प्राधिकरण कार्यकारी निर्देशक भइसकेका इन्जिनियर हुन् । लोडसेडिङ अन्त्यको व्यवस्थापकीय भूमिका उनले निभाएका थिए । संयोग, अघिल्लो केपी शर्मा ओली नेतृत्वको सरकारलाई उच्चस्तरीय आर्थिक सुधार सुझाव सिफारिस आयोगमार्फत अर्थतन्त्र सुधारको सुझाव दिएका खनाल एकाएक आफैं मन्त्री भएका थिए । त्यसैले अर्थतन्त्रको समस्या, अर्थतन्त्र सुधारका लागि तत्काल र दीर्घकालीन उपायबारे केहीअघि मात्र आफैंले गरेको अध्ययन कार्यान्वयन गर्ने ठाउँमा उनी पुगेका थिए । त्यसैले पनि आमनिराशाबीच बनेको सरकारमा यी दुई मन्त्रीले आशा जगाएका थिए, जुन सय दिन पुग्दासम्म कायमै छ । कार्की सरकारलाई गति र दिशा दिन यी दुई मन्त्रीको सकारात्मक भूमिका रहेको विश्लेषण भइरहेको छ । अरू मन्त्रीहरू सिंहदरबारभित्रै हराइरहँदा घिसिङ र खनाल देखिने मन्त्री बनेका छन् ।

### फजुल खर्च नियन्त्रणमा अर्थमन्त्री

भदौ ३० गते अर्थमन्त्री नियुक्त भएका खनालको सय दिन आर्थिक मितव्ययीतामै काम गरेको देखिन्छ । अर्थमन्त्री खनालले आफैंले पनि तलब, सरकारी क्वार्टरलगायतका सुविधा लिएका छैनन ।

खनालले सय दिनमा ठूलो परिवर्तनकारी काम गरेको नदेखिए पनि बजेट अनुशासन, सुशासन र आर्थिक सुधारका लागि नीतिगत काम गरेको देखिन्छ । राजनीतिक संक्रमणका बीचमा अन्तरिम चुनावी सरकारका रूपमा रहेको सरकारले निर्वाचित सरकारले जस्तो नीतिगत परिवर्तन काम गर्न नसकेको पनि अर्थमन्त्री खनालले निर्वाचनका लागि चाहिले बजेटको विदेशी सहायताको आवश्यकता नरहेको सन्देश दिन सफल भए । अर्थसचिव हुँदा बजेट निमार्णदेखि कार्यान्वयन चरणसम्मको जानकार खनालले आन्दोलनपछि पृष्ठ २ मा

# पहिले सिकार, अहिले वन्यजन्तु उपहार



## हात्ती-गैंडादेखि हिउँ चितुवासम्म

सन् १९८५ देखि नेपालले वन्यजन्तु उपहारस्वरूप मित्र देशलाई दिँदै आएको छ । दुई देशबीचको कूटनीतिक सम्बन्ध बलियो बनाउन वन्यजन्तु उपहार दिने प्रचलन रहेको छ ।

**सपना बोहरा**/**मध्यान्ह**
काठमाडौं, ९ पुस

केही दशकअघिसम्म वन्यजन्तु सिकार कूटनीतिक सम्बन्ध बिस्तारको राम्रो माध्यम थियो । बेलायतकी महारानी एलिजाबेथ द्वितीय र उनका पति प्रिन्स फिलिपले सन् १९६१ मा गरेको नेपालको राजकीय भ्रमणका क्रममा भएको सिकारको अहिले पनि चर्चा हुन्छ । राजा महेन्द्रले उनीहरूलाई चितवन खेल्ने व्यवस्थासहितको आतिथ्यता दिएका थिए । तर समय फेरिएको छ । सिकार होइन, वन्यजन्तु उपहारको कूटनीति सुरु भएको छ ।

अहिले चर्चा छ, रुद्रकली र खगेन्द्रप्रसाद नामका दुई हात्तीको । गत पुस २ गते यी दुईलाई नेपाल सरकारले उपहारस्वरूप कतार पठाएको थियो । २०८१ वैशाख ११ र १२ गते कतारका अमिर शेख तमिम बिन हमाद अल थानीको नेपाल भ्रमणका क्रममा नेपाल सरकारले एक जोडी हात्ती कतारलाई उपहार दिने निर्णय गरेको थियो । सोहीअनुरूप ७ वर्षीय रुद्रकली र ६ वर्षको खगेन्द्र कतारलाई पृष्ठ २ मा

VACANCY ANNOUNCEMENT
One of the reputed recruitment manpower agency is seeking for following applicants.
Manager - Male/ Female
Documentation Officer - Male/ Female
PRO - Male/ Female
Salary Negotiable
**Requirements:**
★ Candidate should have knowledge in Computer office package and photoshop.
Attractice salary for the deserving candidate.
Interested candidates with experienced in the related field may apply their application with covering letter, updated CV and recent photograph at ambeintnepal@gmail.com
Govt. Lic. No.: 1645/080/081
AMBE INTERNATIONAL H.R. NEPAL PVT. LTD.
Samakhushi, Kathmandu, Nepal,
Phone : +977 01 5904717 9841105977

## वैदेशिक रोजगार विशेष

# कुवेतस्थित दूतावासले पठायो नेपाली कामदारको क्षतिपूर्ति रकम

**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ पुस

कुवेतस्थित नेपाली दूतावासले कुवेतमा विगतका वर्षहरूमा मृत्यु तथा घाइते भएका नेपाली नागरिकहरूको ३४ करोड ३५ लाख रुपैयाँभन्दा बढीको क्षतिपूर्ति रकम पठाएको छ ।

नेपाली दूतावासले कानुन व्यवसायीको मद्दतमा गत आर्थिक वर्ष २०८१/०८२ मा क्षतिपूर्ति बापतको बिमा रकम, बाँकी तलब, सेवापश्चात पाउने रकम, सम्बन्धित कम्पनीबाट प्राप्त मानवीय सहायता रकम गरी ७३ हजार ८ सय ४७ कुवेती दिनार नेपाल पठाइएको बताएको छ ।

उक्त रकम सम्बन्धित मृतक तथा घाइतेका कानुनी हकदारहरूले पृष्ठ २ मा

## विभागमा पहिलो महिला महानिर्देशक



**काठमाडौं/मस-** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगार विभागको महानिर्देशक परिवर्तन गरेको छ । मन्त्रालयले यसअघिका महानिर्देशक कमलप्रसाद पृष्ठ २ मा

Vacancy Announcement
One of the recruitment manpower agency is looking for position in kathmandu.
Receptionist: 2 (1 Male, 1 Female)
SALARY Negotiable
Requirements:
- Minimum 10+ 2 with 2 years of Experience in related field.
- Excellent communication, organization, and customer service skills.
- Acting as the friendly, professional face of a company while handling
- Multiple tasks efficiently.
Interested candidate may apply their application with covering letter, updated CV and recent photograph to the following address. Prority will be given for manpower Experienced.
Email at:info@direcruitmentagency.com
Gov Lic No: 1759/081/082
D.I.Recruitment Agency Pvt.Ltd.
Maharajgunj-3, Amrit Bhawan 3rd Floor, Kathmandu, Nepal. Tel No:01-5924237
Contacn No : 9851400933, 9851136852

नेपाल वैदेशिक रोजगार अभिमुखीकरण व्यवसायी महासंघको अत्यन्तै जरुरी सूचना
वैदेशिक रोजगारमा जाने श्रमिकलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउन वैदेशिक रोजगार ऐन २०६४ को दफा २७ र नियमावली २०६४ को नियम २० मा अनिवार्य रुपमा पुर्व-प्रस्थान अभिमुखीकरण तालिम लिने व्यवस्था भएको सबैमा अवगत नै रहेको छ । ऐन तथा नियमावलीको उक्त व्यवस्था अनुसार तालिम प्रदायक संस्थाले पूर्व - प्रस्थान अभिमुखीकरण तालिमलाई सेवामूलक, पारदर्शी, भरपर्दो र उपलब्धिमूलक बनाउन जिम्मेवार भई कार्य गर्नु/गराउनु कर्तव्य पनि हो । हाल सरोकारविहीन विभिन्न व्यक्ति तथा समूहले पूर्व प्रस्थान अभिमुखीकरण तालिमको सेवा र शुल्क सम्बन्धमा अनुचित प्रश्न उठाउँदै आएको हुनाले सबै तालिम प्रदायक संस्थाहरुले जिम्मेवार भई वैदेशिक रोजगार विभागको वेभ साईटमा उल्लेखित कार्यविधि २०७६ को (दोस्रा संशोधन) अनुसारको शुल्क लिई र सेवा सुविधा प्रदान गर्न सबैमा आग्रह गर्न चाहन्छौं । यदि यस व्यवसायमा आबद्ध संस्थाले नियम विपरीत जथाभावी रकम असुलेको वा प्रशिक्षणमा लापरबाही गरेको प्रमाणित भएमा वा विभागद्वारा हुने अनुगमनका क्रममा गलत गरेको प्रमाणित भई कारबाहीमा परेमा सम्बन्धित संस्था स्वयं पूर्णरूपमा जिम्मेवार, जवाफदेही रहने जानकारी समेत यसै विज्ञप्तिमार्फत गराउँदछौं ।
लक्ष्मीप्रसाद लामिछाने
महासचिव
नेपाल वैदेशिक रोजगार अभिमुखीकरण व्यवसायी महासंघ
तिनकुने, काठमाडौं

मध्यान्ह
www.madhyanhadaily.com

१० पुस २०८२ बिहीबार
25 December 2025 Thursday

## राष्ट्रिय सभा निर्वाचन

# गठबन्धनको कसरतमा एमाले-कांग्रेस

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ९ पुस



नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टी दुवैले नेपाली कांग्रेससँग गठबन्धन गर्न चाहेका छन् । तर कांग्रेसले औपचारिक रूपमा कुनै निर्णय लिइसकेको छैन ।

राजनीतिक दलहरू राष्ट्रिय सभाको निर्वाचन केन्द्रित भएका छन्। खासगरी ठुला दलहरू गठबन्धनको प्रयासमा छन् । गठबन्धन गर्नेबारे नेपाली कांग्रेस र नेकपा एमाले छलफलमा छन् । कांग्रेससँग नेपाली कम्युनिस्ट पार्टीले पनि गठबन्धन गर्न चाहेको छ। तर कांग्रेसले औपचारिक रूपमा कुनै निर्णय लिइसकेको छैन ।

कांग्रेसका प्रवक्ता प्रकाशशरण महतका अनुसार यस विषयमा कार्यवाहक सभापति पूर्णबहादुर खड्काले अन्य राजनीतिक दलहरूसँग संवाद गरिरहेका छन् । कांग्रेसले एमाले, नेपाली कम्युनिस्ट पार्टी र साना दलहरूसँग समेत संवाद गरिरहेको छ ।

'एमाले र नेपाली कम्युनिस्ट पार्टीसँग पनि भएको छ,' कांग्रेसका प्रवक्ता प्रकाशशरण महतले भने । उनका अनुसार साना दलसँग समेत संवाद भएको छ । तर कांग्रेसले औपचारिक रूपमा निर्णय लिइसकेको छैन ।

आगामी ११ माघमा निर्वाचन हुँदैछ। ५९ सदस्यीय राष्ट्रिय सभामा १९ पदका लागि निर्वाचन हुन लागेको हो।

आगामी फागुन २० मा बिदा हुने राष्ट्रिय सभा सदस्यहरूमा एमालेका आठ जना र माओवादी केन्द्रका सात जना छन् । नेकपा एकीकृत समाजवादी, लोकतान्त्रिक समाजवादी पार्टी र जनता समाजवादी पार्टी नेपालमा एक/एक जना बिदा हुँदै छन्। मनोनीत सांसद वामदेव गौतम पनि बिदा हुँदै छन् ।

एमालेका अध्यक्ष केपी शर्मा ओलीले गत माघ १९ गते र सोमबार कांग्रेस सभापति शेरबहादुर देउवासँग भेटेका थिए । यसबीचमा नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले समेत कांग्रेस सभापति देउवासँग भेट गरेका छन् ।

सभापति देउवाको सचिवालयका अनुसार प्रचण्डले मधेश सरकारको सन्दर्भमा कुरा गर्दा नै राष्ट्रिय सभामा समेत सहकार्यको प्रस्ताव राखेका थिए । तथापि कुनै निर्णय वा जवाफ सभापति देउवाले नदिएको उनको सचिवालयले जनाएको छ ।

कांग्रेसका प्रवक्ता महतका अनुसार बुधबार बसेको पार्टीको कार्यसम्पादन समितिको बैठकमा राष्ट्रिय सभाको निर्वाचनको विषयमा कुरा उठेको थियो ।

कार्यसम्पादन समितिको बैठक बिहीबार दिउँसो १ बजे पुनः बस्दै छ । उनका अनुसार बिहीबार बस्ने कार्यसम्पादन समितिको बैठकमा थप रिर्पोटिङ हुनेछ, समीक्षा हुन्छ र एउटा निर्णयमा पुग्ने प्रयास हुनेछ ।

मतभारका दृष्टिमा कांग्रेस र एमाले नै अगाडि छन् । यी दुई दल मिल्दा अधिकतम सिटमा जित हासिल गर्न सहज हुनेछ । यसकारण एमाले र कांग्रेस गठबन्धनको कसरतमा रहेका हुन् ।

५९ सदस्यीय राष्ट्रिय सभामा हाल कांग्रेसका १६ जना सांसद छन् । उनीहरू कोही पनि आगामी फागुन २० मा बिदा हुने छैनन् ।

हाल १७ सिटमा रहेको माओवादी केन्द्रका सात जना बिदा हुँदा १० जना बाँकी रहन्छन् र चुनाव जितेर आउँदा थपिने हुन् ।

हाल १० सिटमा रहेको एमालेका आठ जना बिदा भएपछि दुई जना बाँकी रहन्छन् । जति नयाँ जितेर आउँछन् उनीहरू थपिन्छन् ।

आठ सदस्य रहेको एकीकृत समाजवादीका एक जना बिदा हुँदा सात जना बाँकी रहन्छन् ।

नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवाद मिलेर नेपाली कम्युनिस्ट पार्टी बनिसकेको छ। यसो हुँदा नेपाली कम्युनिस्ट पार्टीको १७ सिट यथावत् रहनेछ । यसमा कति थपिन्छन् वा थपिँदैनन् ११ माघको चुनावपछि टुंगो लाग्नेछ ।

हाल तीन जना सांसद रहेको जनता समाजवादी पार्टी नेपालका एक जना बिदा हुँदा दुई जना बाँकी रहनेछन् । हाल लोसपाका एक जना छन्, उनी पनि बिदा हुँदै छन् ।

यस्तो अंकगणितमा कांग्रेसले साना दलहरूको साथ लिएर चुनाव लड्ने कि एमाले वा नेपाली कम्युनिस्ट पार्टीसँग गठबन्धन गर्ने निर्णय लिइसकेको छैन ।

एमाले नेता गोपाल भट्टराई भन्छन्, 'गठबन्धन गर्दा कांग्रेससँग नै गर्ने कि भन्ने छ । गठबन्धन हुँदा सायद त्यही नै हुन्छ ।'

कांग्रेस र एमाले प्रदेश सरकारहरूमा सँगै छन् । मधेश प्रदेशमा पनि पछिल्लो समय बनेको कांग्रेस नेतृत्वको सरकारलाई एमालेले विश्वासको मत दिएको छ ।

बाँकी प्रदेशहरूमध्ये कोशी प्रदेश, लुम्बिनी प्रदेश र कर्णाली प्रदेशमा एमाले नेतृत्वको सरकार छ । त्यस्तै, बागमती प्रदेश, गण्डकी प्रदेश र सुदूरपश्चिम प्रदेशमा कांग्रेस नेतृत्वमा सरकार छ ।

### प्रतिस्पर्धामा १३ दल

राष्ट्रिय सभाको निर्वाचनमा विभिन्न १३ वटा राजनीतिक दलले भाग लिँदै छन् ।

निर्वाचन आयोगले १३ वटै दलको क्रमसमेत निर्धारण गरिदिएको छ । आयोगका अनुसार २०७९ को प्रतिनिधि सभा सदस्य निर्वाचनमा दलहरूले समानुपातिकतर्फ प्राप्त गरेको मतका आधारमा क्रम निर्धारण गरिएको हो ।

यसअनुसार मतपत्रमा क्रमशः नेकपा एमाले, नेपाली कांग्रेस, नेपाली कम्युनिस्ट पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी जनता समाजवादी पार्टी नेपालको निर्वाचन चिह्न हुनेछ ।

छैटौं नम्बरपछि क्रमशः जनमत पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी-नेपाल, नेपाल मजदुर किसान पार्टी, राष्ट्रिय जनमोर्चा, बहुजन शक्ति पार्टी र तराई/मधेश लोकतान्त्रिक पार्टीको क्रम निर्धारण भएको छ ।

नयाँ दर्ता भएका दुई दल नागरिक उन्मुक्ति पार्टी नेपाल र श्रम संस्कृति पार्टीको निर्वाचन चिह्न मतपत्रको अन्तिममा रहनेछ ।

# रौतहट बुहारी हत्या प्रकरणः ससुरा र दाजु पुर्पक्षका लागि कारागार चलान

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ९ पुस

रौतहटमा आफ्नै बुहारीको हत्या गरी घरभित्रै गाडेको आरोपमा पक्राउ परेका दुई जनालाई जिल्ला अदालतले पुर्पक्षका लागि कारागार चलान गर्ने आदेश दिएको छ । अदालतले १८ वर्षीया तहरिमा खातुनको हत्यामा संलग्न रहेको ठहर गर्दै उनका ससुरा र सहोदर दाजुलाई जेल पठाउन आदेश दिएको हो ।

घटना वृन्दावन नगरपालिका वडा नम्बर-९, भुसहा टोलमा भएको थियो । मृतक १८ वर्षीया तहरिमा खातुन विगत केही समयदेखि घरपरिवारबाटै शारीरिक तथा मानसिक यातनाको सिकार हुँदै आएकी थिइन् । गत मंसिर ८ गते रातिदेखि उनी बेपत्ता भएपछि उनका पिताले गुजरा नगरपालिका-७ प्रहरी चौकीमा मौखिक जानकारी दिएका थिए ।

सूचना पाएलगत्तै प्रहरी टोली मृतकको घरमा पुगेको थियो । घरमा परिवारका सदस्य नभएका र घर रित्तो देखिएका कारण प्रहरीले खानतलासी गर्दा घरको एउटा कोठाको भुइँमा रगतको दाग फेला परेको थियो। थप अनुसन्धान गर्दा घरकै कम्पाउण्डमा रहेको एउटा कोठामा भुसको थुप्रो हटाउँदा जमिन भासिएको देखियो। उत्खनन् गर्दा करिब ५ फिट गहिरो खाल्डोमा बोरामा पोको पारिएको अवस्थामा मृतकको शव फेला परेको थियो ।

प्रहरीले मृतकका ७५ वर्षीय ससुरा शेख महमद अली र सहोदर दाजु शेख आश महमदलाई मंसिर १० गते पक्राउ गरेको थियो । जिल्ला प्रहरी कार्यालय रौतहटले अनुसन्धान पूरा गरी जिल्ला सरकारी वकिल कार्यालयमार्फत अदालतमा प्रतिवादीहरूलाई पेश गरेको थियो ।

जिल्ला प्रहरी कार्यालय रौतहटका सूचना अधिकारी एवं प्रहरी नायव उपरीक्षक विष्णु प्रदीप बस्यालका अनुसार पुस ८ गते मंगलबार भएको थुनछेक बहसपछि अदालतले दुवै प्रतिवादीलाई मुद्दाको अन्तिम फैसला नलागुन्जेलसम्म पुर्पक्षका लागि कारागार चलान गर्ने आदेश दिएको हो ।

# सामुदायिक स्वास्थ्य सेवा इकाइ उद्घाटन

**लालबाबु बानिया/मध्यान्ह**
पर्सा, ९ पुस



पर्साको जगरनाथपुर गाउँपालिका वडा नम्बर-४ अन्तर्गत सुहपुर-सोहरीमा सामुदायिक स्वास्थ्य सेवा इकाइको एक कार्यक्रमबीच उद्घाटन गरिएको छ । प्रमुख अतिथि पूर्व उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री एवं क्षेत्र नम्बर-४ का निवर्तमान सांसद रमेश रिजालले सामुदायिक स्वास्थ्य सेवा इकाइको औपचारिक उद्घाटन गरेका हुन् ।

उद्घाटन समारोहलाई सम्बोधन गर्दै प्रमुख अतिथि रिजालले गाउँघरमै सञ्चालनमा रहेका स्वास्थ्य संस्थाबाट गुणस्तरीय स्वास्थ्य सेवा लिन स्थानीय नागरिकहरूलाई आग्रह गरे । उनले स्वास्थ्य सेवामा स्थानीय नागरिकको सहज पहुँच सुनिश्चित गर्न स्थानीय तहले खेलेको भूमिकाको प्रशंसा गर्दै जनप्रतिनिधिहरूलाई बधाई समेत दिए। स्थानीय नागरिकको स्वास्थ्य सेवामा सहज पहुँचलाई ध्यानमा राखी जगरनाथपुर गाउँपालिकाले बुधबारदेखि सामुदायिक स्वास्थ्य सेवा इकाइ सञ्चालनमा ल्याएको हो। उद्घाटन कार्यक्रमको अवसरमा निःशुल्क स्वास्थ्य शिविरको समेत आयोजना गरिएको थियो । उक्त स्वास्थ्य शिविरमा करिब २ सय ४ जनाले स्वास्थ्य सेवाको लाभ लिएको स्वास्थ्य शाखा प्रमुख प्रवेन्द्र साहले जानकारी दिए ।

शिविरमा निःशुल्क स्वास्थ्य परीक्षणका साथै आवश्यक औषधीसमेत वितरण गरिएको छ । जगरनाथपुर गाउँपालिकामा हालसम्म एउटामात्र स्वास्थ्य चौकी सञ्चालनमा रहेकाले वडा नम्बर-४ अन्तर्गतका सुहपुर, सोहरी र हरपुरका स्थानीयवासीहरू स्वास्थ्य सेवा लिन कठिनाइमा परिरहेका थिए । उक्त बाध्यतालाई हटाउन गाउँपालिकाका अध्यक्ष श्रीकान्त यादवको पहल तथा सहयोगमा सुहपुर-सोहरीमा सामुदायिक स्वास्थ्य सेवा इकाइको कार्यालय निर्माण गरी सञ्चालनमा ल्याइएको प्रमुख प्रशासकीय अधिकृत सन्देश यादवले जानकारी दिए । जगरनाथपुर गाउँपालिकाका अध्यक्ष श्रीकान्तप्रसाद यादवको अध्यक्षता तथा पूर्वमन्त्री रमेश रिजालको प्रमुख आतिथ्यतामा सम्पन्न उद्घाटन कार्यक्रममा गाउँपालिका उपाध्यक्ष बबीता सिंह, प्रमुख प्रशासकीय अधिकृत सन्देश यादव, लेखापाल सन्देश कुशवाहा, वडाध्यक्ष प्रभुनाथ नुनिया, नेपाली कुशवाहा, डा.मनोज कुमार गुप्ता, डा. नितेश कर्ण, स्वास्थ्य शाखा प्रमुख प्रवेन्द्र साह लगायतको उपस्थिति रहेको थियो ।

# कोशीमा सरकारले हिउँदे अधिवेशन छल्न खोजेको आरोप

**प्रवेश बिष्ट/मध्यान्ह**
विराटनगर, ९ पुस

लामो समयदेखि कोशी प्रदेशसभाको हिउँदे अधिवेशन सञ्चालन नभएको भन्दै प्रमुख प्रतिपक्षि नेकपा माओवादी केन्द्रले आपत्ति जनाएको छ । माओवादी कोशीका संसदीय दलका नेता इन्द्रबहादुर आङ्बोले सरकारका कमजोरीका कारण संसद चल्न नसकेको आरोप लगाएका छन् ।

बुधबार पत्रकार सम्मेलन आयोजना गरेर उनले लामो समयसम्म संसदलाई बन्दी बनाउन खोज्नु सरकारको असफलता भएको टिप्पणी गरे । यस्तै सरकारले आफ्ना कमजोरी र भ्रष्टाचार लुकाउन हिउँदे अधिवेशन छल्न खोजेको आङ्बोको आरोप छ।

सरकारले पूर्वाधारको बहाना बनाएर आलटाल पार्न खोजेको भन्दै उनले तत्काल अधिवेशन आह्वान गर्न सरकारको ध्यानाकर्षण गराए । उनले भने, 'पूर्वाधार छैन भनेर सरकारले बहाना बनाइरहेको छ । हामीसँग सुरक्षित अन्य विकल्पहरू पनि छन् तर जनताका समस्या र आवाजलाई संसद्मा उठाउन ढिलो भइसकेको छ, सरकारले तत्काल अधिवेशन आह्वान गरोस् ।'गत फागुन २३ र २४ गतेको जेनजी आन्दोलनमा कोशी प्रदेशसभा सचिवालयको भवन आगजनी भएको थियो । त्यसयता प्रदेशसभाको काम ठप्प छ। अहिले सरकारले कटहरीमा रहेको कृषि बजारको भवनमा सचिवालयको भवन सारेपनि संसद बैठकका लागि हल तयार भएको छैन् । आङ्बोले सरकारले अन्य वैकल्पिक पूर्वाधारहरुको खोजी गरेर भए पनि संसद बैठक बोलाउनुपर्ने माग गरेका छन् । सरकारले अधिवेशन छलेर सुशासनको धज्जी उडाइरहेको आङ्बोले बताए ।

### सरकारका...

अर्थतन्त्र कता जाने हो ? भने त्रासलाई सुरक्षित अवतरण गराउन सकेका छन् । अर्थमन्त्रीको सय दिनलाई हेर्ने हो भने फजुल खर्च नियन्त्रण र चालु आर्थिक वर्षको बजेटका टुक्रे आयोजनाको बजेट कटौती गरेर आर्थिक मितव्ययीतामा काम गरेका छन् । नेप्सेको पुनर्संरचनासहित पुँजीबजार सुधारका लागि कार्यदल बनाएरै कदम चालेका केही काम प्रशंसनीय छन्। यस्तै आन्दोलनबाट प्रभावित उद्योग, व्यापार र व्यावसायिक प्रतिष्ठानका लागि ' एकीकृत व्यावसायिक पुनरुत्थान योजना' कार्यान्वयनमा ल्याए । प्रभावित व्यवसायलाई भन्सार र अन्तःशुल्कमा ५० प्रतिशतसम्म छुटको सुविधा दिए भने राष्ट्रिय पुनर्निर्माण कोषमा योगदान गर्नेलाई करयोग्य आयबाट घटाउन निर्णय गरे । नागरिकलाई सास्ती दिने कागजातमा हुलाक टिकट टाँस्ने पुरानो व्यवस्था हटाए । खनालको १ सय दिनमा निजी क्षेत्रलाई भसोसा बढाउने काम गरेका छन् ।

अर्थमन्त्री खनानले बुधबार विराटनगरमा आयोजित ' विराट एक्स्पो' उद्घाटन गर्दै कर प्रशासनलाई पूर्णतः प्रविधिमैत्री र झन्झटमुक्त बनाउँदै संघीयतालाई संस्थागत गर्ने प्रतिबद्धता जनाए । उनले भने, 'अन्तरिम सरकारको प्रमुख एजेन्डा सुशासन कायम गर्नु र भ्रष्टाचार नियन्त्रण हो । करदाताको लागत र समय घटाउनु नै सरकारको मुख्य उद्देश्य हो ।'

### एक्सनमा घिसिङ

राजनीति पार्टीको खोलेर राजनीतिमा होमिएका ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकासमन्त्री कुलमान घिसिङ रुग्ण ठेक्का रद्द गरेर अलपत्र आयोजना खारेज गर्दै नयाँ टेन्डर गरेर एक्सनमुखी काम गरेका छन् । घिसिङले सय दिनको उपलब्धिका रूपमा भाषणभन्दा काम गर्नुपर्छ भन्ने सन्देश दिएका छन् ।

घिसिङले सय दिनमा १२ सय मेगावाट क्षमताको बुढीगण्डकी जलाशययुक्त जलविद्युत् आयोजनालाई स्वदेशी लगानीमा निर्माण गर्नेगरी लगानी ढाँचा तयार गरेका छन् ।

विद्युत् प्राधिकरणको डेडिकेटेड तथा ट्रंक लाइन महसुल तिर्न बाध्य बनाए। भारत र बंगलादेशमा करिब १९ अर्ब रुपैयाँबराबरको विद्युत् निर्यात, जलविद्युत् आयोजनामा लगानी परिचालन गर्न २० अर्ब रुपैयाँबराबरको ऊर्जा बन्ड जारी गर्न स्वीकृतिसम्म रहेका छन्। यस्तै, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयअन्तर्गत निर्माण व्यवसायीको कारण २ सय ३५ वटा ठेक्काहरू रुग्ण रहेकामा ४० वटा ठेक्का तोडिएको र करिब डेढ सय बाँकी प्रक्रियामा रहेका छन्। काठमाडौं उपत्यकामा तार, टावर तथा एआई प्रविधिमा आधारित विद्युतीय पोड वे, माइक्रो रेलका सम्भाव्यता अध्ययन गरेका छन् ।

घिसिङले बिहीबार आफ्नो १ सय दिने कार्यप्रगतिमा सार्वजनिकमा आफूले विकास आयोजनालाई बन्धक बनाउने कार्यलाई निरुत्साहित गर्ने प्रयास गरेको बताए । उनले भने, ' वर्षौंदेखि आयोजना लिएर काम नगर्ने प्रवृत्तिको अन्त्य गर्न र जनतालाई विकासको प्रत्यक्ष लाभ दिलाउन रुग्ण ठेक्का तोड्ने प्रक्रिया अघि बढाइएको हो । ३ अर्ब रुपैयाँका ठेक्का रकम भएका ४० वटा रुग्ण ठेक्का तोडिएको छ । अरू करिब डेढ सय रुग्ण ठेक्का तोड्ने प्रक्रियामा छन् ।' उनले भने, 'जलस्रोत तथा सिँचाइ विभागअन्तर्गतका १४ अर्ब २२ करोड रुपैयाँ ठेक्का रकम भएका २२ वटा रुग्ण ठेक्का तोडिएका छन् । सहरी विकास मन्त्रालयअन्तर्गतका चारवटा रुग्ण ठेक्का तोडिएका छन् । यो कदम ठेक्का तोड्नमै सीमित छैन । तोडिएका आयोजना फेरि अलपत्र नपार्ने स्पष्ट निर्णयसहित नयाँ ठेक्काको प्रक्रिया सुरु भइसकेको छ ।'

### पहिले...

उपहार दिइएको थियो । यी दुवै खोरसोर प्रजनन केन्द्रमा जन्मिएका हुन् । रुद्रकली तीन महिनाको हुँदा नै आमा पूजाकलीको मृत्यु भएको थियो । रुद्रकली र खगेन्द्रप्रसाद जंगली हात्ती 'रोनाल्डो'का सन्तान मानिन्छन् ।

चितवनको हात्तीसारमा जन्मिएका खगेन्द्रप्रसाद र रुद्रकली कतारको अलखोर पार्कस्थित चिडियाघरमा रमाइरहेका भिडियोहरू सार्वजनिक भएका छन् । अत्याधुनिक र प्रविधिमैत्री बासस्थानमा हात्तीहरूलाई देख्न सकिन्छ। मरुभूमिको देश कतारमा खगेन्द्र र रुद्रकलीलाई हरियाली जंगलमा सिमसार बनाएर रखिएको छ। ती जोडी हात्तीले त्यहाँ प्रजनन गरेर सन्तान बढाउनेछन् । उनीहरूले चिडियाखाना अवलोकनका लागि पर्यटक मनोरञ्जन दिनेछन्, साथै नेपालको पहिचान पनि । यसले नेपाल र कतारबीचको द्विपक्षीय सम्बन्धलाई अझ सुमधुर बनाउनेछन् । अलखोर पार्कस्थित चिडियाघरमा हाल ४९ प्रजातिका ३ सय १५ जीवजन्तु रहेका छन् । चिडियाखानाका रुद्रकली र खगेन्द्रप्रसाद नयाँ सदस्य पर्यटकको आकर्षण बन्नेछन् ।

यसअघि पनि नेपालले विभिन्न प्रजातिका वन्यजन्तु अन्य मुलुकलाई उपहारस्वरूप पठाइसकेको छ । कूटनीतिक सम्बन्ध भएका देशहरूबीच आफ्नो राष्ट्रमा नभएका विभिन्न वन्यजन्तु उपहार दिने प्रचलन रहेको छ । त्यसभन्दा पहिले छिमेकी देश चीनलाई मित्रताको चिनोस्वरूप दुई जोडी भालेपोथी एक सिंगे गैंडा नेपाल सरकारले उपहार पठाएको थियो । त्यसमध्ये एउटा भाले गैंडा बिरामी भएर मृत्यु भएको थियो । दुई चरणमा गरी भद्र, रूपसी, सोल्टी र मितिनी नामका गैंडा उपहार दिएको थियो ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका अनुसार नेपालले हालसम्म चीनसहित भारत, अमेरिका, जर्मनी, बंगलादेश, बेलायत, जापान, अस्ट्रियालगायत देशलाई २६ गैंडा उपहार दिइसकेको छ। दुई देशबीचको सम्बन्ध बलियो बनाउन र नेपालको जैविक विविधताको महत्व अन्तर्राष्ट्रियस्तरमा प्रचारप्रसार गर्न सरकारका तर्फबाट ब्वाँसो, चितुवा, घडियाल गोहीदेखि त्यसको अण्डासम्म उपहार दिएको छ। यसबाहेक नेपालले विभिन्न देशलाई वन्यजन्तुको अखेटोपहार पनि दिएको छ ।

यसअघि नेपालले सन् १९८५ देखि हालसम्म विभिन्न देशलाई २६ गैंडा, १० घडियाल गोही, एक ब्वाँसो र दुई चितुवा उपहार दिइसकेको विभागको तथ्यांकमा छ । सन् १९८५ मा पहिलोपटक छिमेकी मुलुक भारतको दुधवा राष्ट्रिय निकुञ्जका लागि नेपाल सरकारले दुई जोडी गैंडा उपहार दिएको थियो । त्यसपछि मात्र तेस्रो मुलुकमा वन्यजन्तु उपहार दिने चलन बसेको हो । तर विभिन्न देशले हालसम्म नेपाललाई उपहार दिइएका वन्यजन्तुको यकिन तथ्यांक भने छैन ।

। नेपाल सरकारले सन् १९९० वाट वन्यजन्तु उपहारका लागि विभिन्न देशहरूमा पठाउने गरेको छ । नेपाल सरकारले दुईवटा घडियाल गोही जर्मनीमा उपहार स्वरूप पठाएको थियो ।

नेपालबाट सबैभन्दा बढी ६ वटा एकसिङे गैंडा लग्ने देश अमेरिका नै हो । सन् १९९० मा अमेरिकाको फेर्टवर्ज जुओलोजिकल एसोसिएसनलाई फेरि भाले र पोथी दुई बच्चा गैंडा थप दिइएको थियो । जसअनुसार सन् १९८७ मा तत्कालीन अमेरिकी राष्ट्रपति रोनाल्ड रेगनलाई नेपालका तर्फबाट दुई गैंडा उपहार दिइएको थियो । त्यही दिन अमेरिकाकै नेसनल जुओलोजिकल पार्कका लागि थप दुईवटा गैंडा उपहार दिइएको थियो ।

त्यस्तै, सन् १९९० जनवरी १७ मा म्युनिख जु जर्मनीका लागि संरक्षण शिक्षाका लागि भनेर एक गैंडा उपहार दिइएको थियो । सोही वर्ष सिंगापुरलाई पनि एक जोडी गैंडा उपहार पठाइएको थियो । त्यसपछि सन् १९९३ मा विलहेल्मा जु जर्मनीका लागि थप एक पोथी गैंडा उपहार दिइएको थियो । त्यही वर्ष मिरपुर नेसनल जु ढाका बंगलादेशलाई दुई गैंडा उपहार दिइएको थियो ।

नेपाल सरकारका तर्फबाट सन् १९९८ मा जुओलोजिकल सोसाइटी अफ लन्डनका लागि दुईवटा पोथी गैंडा उपहार दिइएको थियो । सन् २००२ मा तामा जुओलोजिकल पार्क जापानलाई एक जोडी गैंडा उपहार दिइएको थियो । सन् २००६ फेब्रुअरीमा अस्ट्रियाको 'भियना जु'का लागि दुई गैंडा उपहार पठाइएको थियो ।

यीबाहेक सन् १९९२ मा जापानलाई एउटा हिमाली ब्वाँसो उपहार दिइएको थियो । जर्मनीलाई सन् १९९० मा दुईवटा घडियाल गोही, सन् १९९४ र ९५ मा गरी जापानलाई ६० घडियाल र ६० मगर गोहीका अण्डा र सन् १९८७ मा एउटा घडियाल गोही उपहार पठाइएको थियो । त्यस्तै, सन् २००० मा फ्रान्सलाई ६ वटा घडियाल गोही र भारतलाई चितुवा उपहार दिइएको थियो । सन् २००४ मा भुटानलाई दुई वटा घडियाल गोही उपहार दिइएको थियो । सन् १९९८ मा साउदी अरेबियालाई एउटा पाटेबाघ, एउटा चितुवा, गौरी गाई एउटा जरायो, एउटा काठेभालु र एउटा खरमजुर नेपालले उपहार दिएको थियो । नेपालले वन्यजन्तु उपहार दिने मात्र नभएर विदेशबाट लिने पनि गरेको छ । २०४४ सालमा भारतबाट १६, म्यानमार दुई र थाइल्यान्डबाट दुई गरी २० हात्तीबाट स्थापना गरिएको हात्ती प्रजनन केन्द्रले अहिलेसम्म ६८ हात्तीलाई जन्म दिइसकेको छ। ६१ वटालाई तालिम दिइएको केन्द्रले आफ्नो प्रगति विवरणमा उल्लेख गरेको छ। यसरी नै वन्यजन्तुहरू उपहारका रूपमा लिनेदिने गरिन्छ।

यसरी उपहार दिइएका वन्यजन्तुको अभिलेखीकरण गर्न थप खोजी भइरहेको विभागले जनाएको छ। वन्यजन्तु उपहार दिने चलनले दुई देशबीचको कूटनीतिक थप प्रगाढ बनाउन वन्यजन्तु उपहार दिइँदै आएको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका उपनिर्देशक बेदकुमार ढकाल बताउँछन् । हात्ती दुर्लभ वन्यजन्यु तथा वनस्पतिको व्यापार महासन्धि (साइटिस) अनुसार ओसारपसारका लागि सम्झौता र साइटिस अनुमतिको प्रक्रिया पूरा गरेर उपहार पठाउने गरेको उनले बताए । 'यसले दीर्घकालीन रूपमा दुई देशको सम्बन्ध सुमधर राख्न सघाउनेछ,' उनले भने, 'यो परम्परागत अभ्यास पहिलेदेखि नै रहिआएको छ ।'

### कुवेतस्थित...

प्राप्त गर्ने गरी दूतावासबाट नेपाल सरकार, परराष्ट्र मन्त्रालयअन्तर्गत कन्सुलर सेवा विभागमा विभिन्न समयमा पठाइसकिएको दूतावासले जनाएको छ ।

क्षतिपूर्ति पाउनेमा झापाका किस्कु सत्तारको १ सय २५ केडी, झापाकै जलिना तामाङको १ सय २५ केडी, नवलपरासी पूर्वका हेमबहादुर सुनारीको ५ हजार ५ सय ४७ केडी ३५ पिल्स, बाराकी धनकुमारी थापाको २ सय ४० केडी रहेको छ ।

त्यस्तै क्षतिपूर्ति पाउने अन्यमा रामेछापका अजित शंकरको २ सय ९० केडी, मोरङकी अम्बिका विकको ८ सय केडी, सप्तरीका एमडी दाउदको १ सय २५ केडी, गोरखाका सामेल बारामको १ सय २५ केडी, धनुषाका देवनारायण राउत गदेरीको ६ सय २५ केडी, काभ्रेपलाञ्चोककी अञ्जली तामाङ घिसिङको ६ सय २५ केडी तथा चितवनका विमल लामाको १ सय २५ केडी रहेको छ ।

वैदेशिक रोजगारका क्रममा बीचमै काम छोडेका वा छोडाइएका, दुर्घटनामा परेका नेपाली कामदारले पाउने ठुलो रकम कानुनी प्रतिरक्षा वा नेपाली दूतावासहरूको सक्रियताको अभावमा रोजगारदाता कम्पनीले नै राख्ने गरेका छन् । पश्चिमी मुलुकका सञ्चारमाध्यमहरूले यसलाई 'ज्याला चोरी' भन्दै कामदारको उचित ज्यालाका लागि कामदार पठाउने मुलुकका सरकार र अधिकारकर्मीहरूले सबै रकम भुक्तानीको आवाजलाई चर्को रूपमा उठाउनुपर्ने बताउँदै आएका छन् ।

### विभागमा...

भट्टराईको ठाउँमा सहसचिव मीरा आचार्यलाई पठाएको छ ।

वैदेशिक रोजगार विभागका तत्कालीन महानिर्देशक कमलप्रसाद भट्टराईको मधेश प्रदेशमा सरुवा भएपछि उक्त स्थानमा आचार्यलाई पठाइएको हो । महानिर्देशक आचार्य संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा कार्यरत रहँदा 'कुलिङ अफ पिरियड' प्रकरणमा तानिएकी थिइन् । महानिर्देशक आचार्य सामान्य प्रशासन मन्त्रालयबाट केही समयअघि सरुवा भएकी थिइन् । यसअघि पुरुषहरूले रुचि राख्ने विभाग श्रम मन्त्रालयमा स्वच्छ छविका मन्त्री राजेन्द्रसिंह भण्डारीले नेतृत्व गरेपछि महिला सहसचिवलाई विभागको महानिर्देशक बन्ने अवसर जुटेको हो । नवनियुक्त महानिर्देशक आचार्यले बुधबार नै जिम्मेवारी सम्हालिसकेकी छन् । आचार्य उपसचिव हुँदा पर्यटन विभागको पर्वतारोहण शाखाकी निर्देशक थिइन् ।

मध्यान्ह
www.madhyanhadaily.com



# तासमा चिप र आँखामा लेन्स लगाएर क्यासिनो खेलाउने ६ जना पक्राउ

**काठमाडौं/मस-** काठमाडौंको ठमेलस्थित छाया सेन्टरमा रहेको वाल्डो क्यासिनोमा अवैध रूपमा जुवा खेलाउने भारतीय गिरोहका ६ जनालाई प्रहरीले प्रक्राउ गरेको छ।

जिल्ला प्रहरी परिसर काठमाडौंले बुधबार पत्रकार सम्मेलन गर्दै अवैध क्यासिनो खेलाउने कार्यमा संलग्न ६ जनालाई प्रक्राउ गरी परिसरको हिरासतमा राखिएको जानकारी दिएको हो।

पत्रकार सम्मेलनमा बोल्दै परिसरका सूचना अधिकारी एवं प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले भारतीय क्यासिनो इभेन्ट गिरोहका नाइके सुरेश महाजनसहित प्रमोद मोरिया, दिनेश वर्मा, विक्रम सिंह, चिजा खड्का र भवानी पाण्डे पक्राउ गरिएको बताए।

उनले नेपाली नागरिकलाई समेत अवैध क्यासिनोको आवरणमा ठगी कार्यमा संलग्न थप ७ जनाको पहिचान भइसकेको





जानकारी दिँदै खोजि कार्य भइरहेको समेत बताए। उनकाअनुसार क्यासिनोमा छापाका क्रममा जुवा खेल्न प्रयोग हुने तास, सेन्सर जडित उपकरण, लेन्सलगायत सामग्री बरामद प्रहरीले बरामद गरेको छ।

उनीहरूले तासमा चिप जडान गर्ने र आँखामा 'आइ लेन्स लगाएर क्यासिनो खेल्ने/खेलाउने गरेको पनि खुलेको प्रहरीको भनाइ छ।

अवैध जुवा खेलाउने गिरोहका मुख्य नाइके सुरेश महाजन भारतीय नागरिक रहेको समेत उनले बताए। उनका अनुसार आचार्य 'क्यासिनो इभेन्ट ग्रुप' तथा 'बीपी एण्ड महाकाय ग्रुप'का सञ्चालक समेत रहेको खुलेको छ। उक्त ग्रुपले नेपाल, भारत, श्रीलंका, भियतनाम र कम्बोडियालगायत देशहरूमा क्यासिनो इभेन्टका नाममा अवैध जुवा खेलाउँदै आएको समेत उनले जानकारी दिए।

बिपी एण्ड महाकाय ग्रुप अन्तर्गत क्यासिनो प्लेयर्स मंसिर २५ गते मात्र करिब ७० जना नेपाल आएका थिए भने सो ग्रुपद्वारा सञ्चालन गरिएको इभेन्टमा अन्य ग्रुपहरू समेत सामेल हुँदा जम्मा करिव २ सय जना भारतबाट नेपाल आएको खुलेको प्रहरीले जनाएको छ। जुवा खेल्न आउनेहरूका लागि हवाई टिकटदेखि खाना र बसोवासको सम्पूर्ण व्यवस्था मर्जजनले नै मिलाएको देखिएको उनले बताए। ध

जुवामा हुण्डीमार्फत कारोबार हुने तथ्य समेत प्रहरीले फेला पारेको छ। क्यासिनोमा अवैध जुवा खेलाएर क्यासिनो पर्यटनमा नकारात्मक प्रभाव परेको छ। उनले यस सम्बन्धमा थप अनुसन्धान अघि बढाइएको समेत जानकारी दिए।

# काठमाडौं महानगरभित्रका १ सय ७ विद्यालय बन्द गर्ने तयारी

**काठमाडौं/मस-** काठमाडौं महानगरपालिकाले अभिलेखमा मात्रै रहेका तर स्थलगत रूपमा सञ्चालनमा नदेखिएका १ सय ७ वटा विद्यालय बन्द गर्ने तयारी गरेको छ।

महानगरको शिक्षा विभागले सोमबार बैठक बसेर ती विद्यालयको सञ्चालन अनुमति खारेज गर्दै कार्यपालिका बैठकमा सिफारिस गर्ने निर्णय गरेको हो।

महानगरका अनुसार पटक-पटक ताकेता गर्दा पनि सम्बन्धित विद्यालय पक्ष सम्पर्कमा नआएको तथा फिल्डमा विद्यालय नै नदेखिएपछि सदाका लागि बन्द गर्ने तयारी अघि बढाइएको हो। शिक्षा विभागका शिक्षा अधिकृत ओमप्रसाद गौतमले अनुमति लिएर कहिल्यै सञ्चालन नगरेका र सञ्चालनमा आएर पछि बन्द भएका विद्यालयसमेत उक्त सूचीमा परेको जानकारी दिए।

उनका अनुसार अभिलेखअनुसार सञ्चालनमा देखिए पनि वास्तविक रूपमा फिल्डमा नदेखिएका सबै विद्यालयलाई अन्तिम सूचना जारी गरिएको थियो। तर तोकिएको समयभित्र पनि कोही सम्पर्कमा नआएपछि विद्यालय बन्द गर्ने निर्णय गर्न लागिएको हो।





गौतमले यसअघि नै साउन महिनामा शिक्षा विभागको बैठकले विद्यालय अनुमति खारेज गर्ने निर्णय गरिसकेको बताए। त्यसयता पनि कुनै विद्यालय सम्पर्कमा नआएपछि विभागको निर्णयलाई कार्यपालिका बैठकमा पेस गर्ने गरी विद्यालयको सूची सार्वजनिक गरिएको उनले स्पष्ट पारे। महानगरको वेबसाइटमा प्रकाशित सूचीअनुसार यदि ती विद्यालयहरू वास्तवमै सञ्चालनमा रहेका भए सम्बन्धित विद्यालयका प्रधानाध्यापक, सञ्चालक, व्यवस्थापक वा गुठियारले १५ दिनभित्र काठमाडौं महानगरपालिका शिक्षा विभाग, कमलादीमा उपस्थित भई प्रमाणित गर्नुपर्नेछ। काठमाडौं महानगरपालिका शिक्षा ऐन, २०७५ को दफा १३ (ट) अनुसार विद्यालय बन्दका लागि कार्यपालिकामा सिफारिस गर्ने व्यवस्था छ। महानगरपालिकाको नगरसभा बैठक यही शुक्रबार बस्ने तय भएको छ, जहाँ उक्त प्रस्ताव पेस गर्ने तयारी गरिएको छ।

बन्द गर्न लागिएका स्कुलहरूमा गोल्डेन होराइजन एकेडेमी बालाजु, भगवत् सन्यास आश्रम, इन्द्रेणी ईबीएस लिटल किडडम ईबीएस, साकल्य ईबीएस, बालुवाटार ईबीएस, बुद्ध पशुपति ईबीएस, बौद्ध, क्रिएटिभ मोडल एकेडेमी, काठमाडौं लगायतका रहेका छन्।

# सरस्वती क्याम्पसमा एआईको पढाइ

**काठमाडौं/मस-** काठमाडौंको सोह्रखुट्टेस्थित सरस्वती बहुमुखी क्याम्पसमा कृत्रिम बुद्धिमत्ता अर्थात् आर्टिफिसियल इन्टेलिजेन्ट (एआई)को पढाइ हुन थालेको छ। बिएसडब्लुअन्तर्गत पत्रकारिता तथा आमसञ्चार अध्ययन गरिरहेका स्नातक प्रथम वर्षका विद्यार्थीहरूलाई एआई पढाउने गरिएको हो।

क्याम्पसमा अध्यापनरत एआईका अध्येता तथा अभ्यासकर्ता जीवन भण्डारीले पाठ्यक्रममा नभएपनि हरेक शुक्रबार विद्यार्थीहरूलाई एआईका बारेमा अध्ययन गराउन थालेको जानकारी दिए।

मिडियमा एआईको प्रयोगका सम्बन्धमा दुई दर्जनभन्दा बढी जिल्लाका सयौं पत्रकारहरूलाई प्रशिक्षण दिइसकेका भण्डारीले विद्यार्थीहरूलाई एआईको इतिहास, परिभाषा, बहुआयामिकता, मिडियामा यसको प्रयोग, प्रभाव र सम्भावनाका बारेमा जानकारी दिने गरेका छन्।

उनी भन्छन्, 'मैले पढाउने शिलशिलामा हरेक शुक्रबार एआईको बारेमा छलफल गरौं भनेर प्रस्ताव राखें, विद्यार्थीहरूले अत्यन्त हर्षित भएर समर्थन जनाउनुभयो र हामीले छलफललाई निरन्तरता दिएका छौं।' उनका अनुसार एआईको क्लास हुने दिन विद्यार्थीहरूमा फरक खालको उत्साह र उत्सुकता देखिने गरेको छ। 'क्लासमा आफूले मात्रै सिकाउने भन्दा पनि एआईका बारेमा सबैले जानेका कुरा एक अर्कालाई सिकाउने वा एआईका





विभिन्न प्रयोगहरूलाई देखाएर छलफल चलाउने गरिएको छ,' उनले भने।

एआईको क्लासमा सहभागी दीपा परियार आफूहरू भाग्यमानी भएको बताउँछिन्।

'बाहिर एआईको बारेमा खुबै चर्चा सुनिन्छ, तर पढ्ने र सिक्ने चाहना हुँदाहुदै पनि गन्तव्य नभेटेका बेला जीवन सरले पढाउँछु भन्नुभयो, हामी त एकदमै खुसी छौं,' उनले भनिन्।

अर्का विद्यार्थी निश्चल तामाङले सरले सिकाइरहेकै बेलामा कक्षाकोठामै एआईबाट गीत बनाएर सुनाएको बताए। 'जीवन सरले क्लासमा सुनो एआईबाट गीत बनाउन सकिन्छ भन्दै आफूले बनाएका गीतहरू सुनाउँदै हुनुहुन्थ्यो, मैले पनि तत्कालै सुनो एआई खोलेर प्रयास गरेको गीत बनिहाल्यो, अनि क्लासमै सुनाइदिएँ, हामी सबै दंग भयौं,'हर्ष मिश्रित स्वरमा तामाङले भने।

स्नातक प्रथम वर्षकै पत्रकारिताकी विद्यार्थी स्वस्तिका डंगोलले एआईको क्लास छुटाउनै मन नलाग्ने बताउँदै उक्त क्लास एकदमै ज्ञानवर्धक हुने गरेको अनुभव सुनाइन्। उनले अन्य दिन आउन नभ्याउनेहरू पनि एआईको क्लास हुने दिन समय मिलाएर आउने गरेको र अन्य क्लासका विद्यार्थीहरू पनि आउन थालेको जानकारी दिइन्। उनले थपिन्, 'पाठ्यक्रममा नभएपनि पत्रकारिताका विद्यार्थीलाई नियमित रूपमा एआईका बारेमा पढाइ हुने सरस्वती क्याम्पसमा मात्रै होला। अब यसलाई तत्काल पाठ्यक्रममा राखेर विस्तार गर्दै निरन्तरता दिन आवश्यक छ।'

क्याम्पस प्रमुख डा.ठाकुर प्रसाद वाग्लेले पाठ्यक्रममा नभएपनि विद्यार्थीको चाहनाअनुसार समयको आवश्यकता बनेको एआईका बारेमा अध्यापन हुनु आफैंमा प्रशंसनीय रहेको बताए।

क्याम्पस प्रमुख वाग्लेले स्वतःस्फुर्त रूपमा एआईका बारेमा पढाउन थालेकोमा पत्रकारिताका अध्यापक जीवन भण्डारी धन्यवादको पत्र रहेको बताए।

'जीवन सरको यो प्रयासले क्याम्पसको छवि नै राम्रो बनाएको छ, कलेजका अन्य शैक्षिक कार्यक्रमहरूमा पनि एआईका बारेमा नियमित अध्ययन अध्यापनका लागि प्रेरित गर्ने छौं,'क्याम्पस प्रमुख वाग्लेले भने।

बिएसडब्लुका संयोजक गिरिन्द्र शाहले पाठ्यक्रममा मात्रै सीमित नभई अहिलेको आवश्यकता, व्यवहारिकता र उपयोगिताका आधारमा नयाँ नयाँ विषयबस्तु समावेश गर्नुपर्ने खाँचो औंल्याए।

उनले पत्रकारिता मात्रै नभई अन्य क्षेत्रमा पनि एआईको प्रयोग र प्रभाव बढ्दै गएकाले सबै शैक्षिक कार्यक्रममा एआईलाई समावेश गर्नुपर्नेमा जोड दिए।

त्रिभुवन विश्वविद्यालयले अहिले पत्रकारितातर्फ स्नातकोत्तरको चौथो सेमेस्टरमा एआई पढाउने गरी पाठ्यक्रम बनाएको छ। तर विद्यार्थीहरू त्यो भन्दा तल्ला तहमै अहिले नै एआईको बारेमा पढाइ सुरु गर्नुपर्नेमा जोड दिन्छन्। 'एआईका बारेमा अहिले नै नजानी नहुने भइसकेको छ, चार वर्षपछि पढ्न पाइन्छ भनेर के काम ?'पत्रकारिताकै अर्की विद्यार्थी सुष्मा रेग्मीको प्रश्न छ।

त्रिवि पत्रकारिता केन्द्रीय विभागका प्रमुख डा.कुन्दन अर्याल पनि तत्काल सबै तहमा एआईका बारेमा अध्ययन अध्यापन गराउनुपर्ने पक्षमै छन्। त्यसका लागि आफ्नो तर्फबाट गृहकार्य भइरहेको उनले जानकारी दिए।

उनका अनुसार त्रिविअन्तर्गत सरस्वती क्याम्पसको स्नातक तहका पत्रकारिताका विद्यार्थीलाई नियमित रूपमा एआईका बारेमा पढाउन सुरु गर्नु अत्यन्त प्रशंसनीय कार्य हो। 'यो अभ्यास अन्य क्याम्पसहरूमा अहिले नियमित रूपमा भएजस्तो लागेको छैन, सबैले गर्नु राम्रो हुन्छ,'उनले भने।

# शितगंगामा कृषि, पर्यटन तथा औद्योगिक प्रदर्शनी महोत्सव सुरु



**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, ९ पुस

शितगंगा उद्योग वाणिज्य संघको आयोजनामा चौथो शितगंगा महोत्सव बुधबार उद्घाटन गरिएको छ। महोत्सव शितगंगा-४, ठाडा डमरुदहमा सुरु भएको हो। 'स्थानीय उत्पादन, स्थानीय बजार, समृद्धिको मूल आधार' भन्ने नारासहित भव्य रूपमा महोत्सवको उद्घाटन गरिएको हो।

उद्घाटन समारोहमा नगर प्रमुख छबिलाल पौडेलले महोत्सवले शितगंगाका सम्भावनाहरू पहिचान गरी आर्थिक विकास र समाज परिवर्तनमा महत्वपूर्ण भूमिका खेल्ने बताए। उनले पर्यटन, कृषि, उद्योग र व्यापारको विकास तथा संस्कृति र कलाको प्रवर्द्धनमा महोत्सवले योगदान पुऱ्याउने अपेक्षा व्यक्त गरे।

शितगंगा उद्योग वाणिज्य संघका महासचिव दिलबहादुर गुरुङका अनुसार महोत्सवमा कृषि, हस्तकला, गार्मेन्ट, इलेक्ट्रोनिक्स, होटल तथा सूचना प्रविधि क्षेत्रका १ सय १० भन्दा बढी स्टलहरू राखिएका छन्। कार्यक्रममा नगर उपप्रमुख गीता भाटले महोत्सवले विकट क्षेत्रको व्यापार तथा कृषि उत्पादन र बिक्री-वितरणमा सकारात्मक भूमिका खेल्ने विश्वास व्यक्त गरिन्।

शितगंगा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद सापकोटाले महोत्सवले स्थानीय स्तरको अर्थतन्त्रलाई प्रवर्द्धन गर्न महत्वपूर्ण योगदान दिने बताए। उनले महोत्सवले कृषि तथा उद्योगसम्बन्धी स्थानीय उत्पादनको बजारीकरणमा भूमिका खेल्ने दाबी पनि गरे। सापकोटाले शितगंगा नगरपालिकाभित्र रहेका पर्यटकीय क्षेत्रहरूको पहिचान गरी प्रचार-प्रसारणमा महोत्सवले महत्वपूर्ण भुमिका खेल्ने बताए। उनले नकारात्मक दृष्टिकोणमा मात्र ध्यान केन्द्रित गर्दा स्थानिय विकास नदेखिन सक्नेमा चिन्ता व्यक्त गरे।

कार्यक्रममा पूर्वप्रदेश सांसद जाल्पा भुसाल, शितगंगा नगरपालिका पूर्वप्रमुख सूर्य प्रसाद अधिकारी, वडा नम्बर १ देखि १४ का अध्यक्षहरू, स्थानीय जनप्रतिनिधि, कर्मचारी र सुरक्षा निकायका प्रतिनिधिहरूको पनि सहभागिता रहेको थियो।

शितगंगा उद्योग वाणिज्य संघका अध्यक्ष लक्ष्मण पन्थिले महोत्सवले शितगंगालाई व्यावसायिक तथा पर्यटकीय हिसाबले देश-विदेशमा चिनाउने, नगरभित्र उत्पादन हुने घरेलु तथा कृषिबाट उत्पादित वस्तुहरूको प्रवर्धन गर्ने उद्देश्य राखेको बताए। महोत्सव १२ दिनसम्म सञ्चालन हुनेछ र ८० हजार भन्दा बढी दर्शकले अवलोकन गर्ने तथा दुई करोड रुपैयाँको कारोबार हुने अपेक्षा गरिएको छ। महोत्सवमा पत्रकार महासंघका अध्यक्ष गणेश खनालले समेत सम्बोधन गरेका थिए।

# अर्घाखाँचीमा मन्टेश्वरी तालिम सुरु



**अर्घाखाँची/मस-** अर्घाखाँची घरेलु तथा साना उद्योग कार्यालयले बाल विकास केन्द्रका लागि उपयुक्त सिकाइ प्रदान गर्ने उद्देश्यले युवतीहरूलाई ६५ दिने मन्टेश्वरी तालिम सुरु गरेको छ। तालिमको उद्देश्य आधारभूत तहबाटै सिकाइ सहज र प्रभावकारी बनाउनु हो।

घरेलु तथा साना उद्योग कार्यालयका प्रमुख दुर्गा न्यौपानेका अनुसार सार्वजनिक शिक्षा सुधार अभियान अन्तर्गत आयोजना गरिएको यो तालिममा जिल्लाभरका १५ युवती सहभागी छन्। तालिम ३ सय ९० घण्टाको हुनेछ र अर्घाखाँची कार्यालयको आर्थिक सहयोगमा सञ्चालन भइरहेको छ।

तालिमबाट युवतीहरूले सिकेका ज्ञानका आधारमा भबिष्यमा आर्थिक उपार्जन गर्ने, महिला आत्मनिर्भर बन्ने साथै मन्टेश्वरी शिक्षकका रूपमा विद्यार्थीहरूलाई कक्षाकोठामा गुणस्तरीय शिक्षा दिने विश्वास व्यक्त गरिएको छ।

निमित्त प्रमुख जिल्ला अधिकारी झबिलाल भट्टराईले तालिम आधारभूत तहमा प्रभावकारी सिकाइ केन्द्रित अध्यापनका लागि उपयोगी हुने बताए। उनले भने, 'तालिमपछि शिक्षक बनेर महिलाहरूले कक्षामा सिकेका सीप प्रयोग गरी आत्मनिर्भर बन्न सक्नेछन्।'

**माइग्रेसन सर्टिफिकेट हराएको सूचना**

मिति २०८०/०१/१० गते काठमाडौंबाट मेरो निम्न व्यहोरा भएको +२ तहको राष्ट्रिय परिक्षा बोर्डबाट प्राप्त भएको माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले निम्न मोवाइल नं. वा नजिकको प्रहरी कार्यालयमा बुझाई दिनुहुन विनम्र अनुरोध गर्दछु।

Name : Danish Reja Ansari
Reg No. : 783270770125
Symbol No.: 22717664
Mobile: 9812087854

**Re-Vacancy Announcement**
*25th December 2025 (10th Poush 2082)*

**Sankhuwa Khola Hydro Pvt. Ltd.** invites applications from highly qualified, dynamic, and experienced professionals **(Nepali and Foreign Nationals)** for the following senior leadership position:

**Position: Project Director/Managing Director**
*(Specialization in Geotechnical & Infrastructure Projects)*

**Required Qualifications & Experience:**
- Postgraduate Degree in **Geotechnical Engineering**
- Bachelor's Degree in **Civil Engineering**
- Minimum **15+ years** of relevant professional experience
- Proven leadership experience in infrastructure and hydropower projects
- Strong knowledge and practical experience of **FIDIC contract conditions**
- Expertise in **technical design, financial management**, and overall infrastructure project handling

*Preference will be given to candidates with prior experience as* ***Project Director or in similar senior leadership roles***

**Key Responsibilities:**
- Lead civil engineering projects with a strong focus on geotechnical components
- Oversee planning, design, execution, and monitoring of infrastructure projects
- Ensure compliance with engineering standards, contractual obligations, and FIDIC provisions
- Lead multidisciplinary teams and coordinate with clients, consultants, and stakeholders
- Contribute to long-term organizational strategy and technical growth

***Note: This is a site-based position.***

**How to Apply:**
Interested candidates are requested to submit the following documents:
- Updated Curriculum Vitae (CV)
- Cover Letter
- Copies of Academic Certificates and Experience Documents

**Email:** sankhuwahydro@gmail.com
**Contact No.:** 9802397122
**Deadline:** Within 7 days from the date of publication.

**UAE मा रोजगार**
कम्पनी: AL FAJER FACILITIES MANAGEMENT L.L.C. शहर: Dubai
पूर्व स्वीकृत मिति: २०८१/०९/२८ चलानी नं.: ६०२३१२५० LT. No.: 316987 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 90 | 39 | सम्बन्धित काममा दक्ष | 800 | ३१,१८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Life Guards | 20 | 0 | | 1200 | ४६,७७६ | | | | | | | |
| 3. | Security Guard | 50 | 0 | | 1200 | ४६,७७६ | | | | | | | |

अन्तर्वार्ता नमस्ते जनप्रिया थकाली भान्सा घर पोखरामा २०८२ पुस १७ गते (1 January 2026) मा हुनेछ।
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुस १८ गते (2 January 2026) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

RAJ GROUP OF COMPANIES
License No.:1245/074/075
**Raj Group Of Company Pvt. Ltd.**
Basundhara-3, Kathmandu, Tel: 01-5903550, 5903660
Email: info@rajgroupnepal.com, Website:www.rajgroupnepal.com

**युएईमा रोजगार**
कम्पनी: ALSARH RECRUITMENT SOLE PROPRIETORSHIP L.L.C शहर: ABU DHABI
पूर्व स्वीकृत मिति: २०८२/०९/०९ चलानी नं.: ६०२४९५८४ L.T. No.: 335966

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Worker/labour | 200 | 0 | स. काममा दक्ष | 1000 | ३८,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुस १७ गते (1 January 2026) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**PRAYAS RE-EMPLOYMENT CONSULTANT (PVT.) LTD.** श्रम इजाजत नं. ७६३/०६४/०६५
Way to Gopi Krishna Hall, Opposite to Siddhartha Bank, Chabahill, Saraswati Nagar, Kathmandu
Tel.:01-4820056 | 4820073, Email:pradeep.bhattarai11@gmail.com| Web:prayasreemployment.com

**साउदीमा रोजगार**
कम्पनी: MASCO GENERAL CONTRACTING COMPANY शहर: SAUDI ARABIA,AL KHOBAR
पूर्व स्वीकृत मिति: २०८२/०९/०९ चलानी नं.: ६०२४९५२३ L.T. No.: 335316

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 50 | 0 | स. काममा दक्ष | 1000 | ३८,१७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८२ पुस १७ देखि २१ गतेसम्म (1 to 5 January 2026) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**Yatra H.R. Solution Pvt. Ltd.**
Old Baneshwor-9, Kathmandu, Tel: 4114682, 4114683
E-mail: yatrahr2017@gmail.com, Web.: www.yatrahrsolution.com
Gov. Lic No. 1096/073/074

मध्यान्ह
www.madhyanhadaily.com
१० पुस २०८२ बिहीबार
25 December 2025 Thursday

सम्पादकीय

## ध्रुवीकरणले जगाएको आशा

प्रतिनिधि सभा निर्वाचन नजिकिँदै जाँदा दलहरू नयाँ ध्रुवीकरण र चुनावी समीकरणको गृहकार्यमा देखिएका छन् । जनमत आफ्नो पक्षमा पार्न पुराना दल, वैकल्पिक शक्ति दाबी गर्ने र जेनजी विद्रोहपछि गठन भएका दलहरू एकता, सहकार्य र गठबन्धनको तयारी गर्दै छन् । माओवादी केन्द्र र एकीकृत समाजवादीसहित एक दर्जन वामघटकको एकतापछि नेपाली कम्युनिस्ट पार्टी बनेको छ । रास्वपा र विवेकशील साझा पार्टी एक ठाउँ आइपुगेका छन् भने त्यसमा काठमाडौं महानगरका मेयर बालेन शाहलाई जोड्न संवाद जारी छ । त्यस्तै, ऊर्जामन्त्री कुलमान घिसिङको उज्यालो नेपाल पार्टी पनि रास्वपालगायत वैकल्पिक शक्ति ठान्ने दलहरूसँग सहकार्य गर्न खोज्दै छ भने धरान उपमहानगरका मेयर हर्क साम्पाङको श्रम संस्कृति पार्टी संगठन विस्तारमा लागेको छ । राजसंस्था पुनर्स्थापनाका पक्षधर दलहरू राप्रपा र राप्रपा नेपालले बुधबार मात्र पार्टी एकताको सहमति गरेका छन् । यसले नयाँ/पुराना दलहरू चुनावको तयारीमा जुटेको संकेत गरेको छ । यसले २१ फागुनका लागि तोकिएको निर्वाचनको वातावरण बनाउनसमेत मद्दत पुगेको छ ।

लोकतन्त्रमा दलहरू नै जनताका संगठित प्रतिनिधि हुन् । आमनागरिकले आफूले चुनेका दल वा प्रतिनिधिमार्फत शासनसत्ता सञ्चालन गर्छन् । देशको कार्यकारी तहमा पुग्न नागरिकले विश्वास गरेर पठाएका प्रतिनिधि हुनुपर्छ । चुनावमा मतदातालाई भरोसा दिलाएर उनीहरूकै मतबाट सरकारमा पुग्ने विधि नै लोकतान्त्रिक हो । त्यसैका लागि नयाँ/पुराना दलहरू प्रतिस्पर्धाको तयारीमा छन् । हाम्रो लोकतान्त्रिक अभ्यास लामो भए पनि स्थिर भने छैन । जनताले संघर्ष गरेर लोकतन्त्र ल्याउने र शासकले खोस्ने गर्दैमा आठ दशक बितेको छ । लोकतन्त्र कमजोर हुनुको एउटा कारण दलहरू बलियो नहुनु हो । दल, विचार र नेतृत्वले बहुमतसहितको लोकप्रिय मत प्राप्त गर्न नसक्नु हो । पछिल्लो जेनजी विद्रोहमा पुराना दल र नेतृत्वप्रति युवापुस्ताले देखाएको असन्तुष्टि एवं आक्रोशले पनि त्यही संकेत गर्छ । त्यसैले दलहरूले आफ्ना विचार, दृष्टिकोण र कार्यदिशा मात्र होइन्, नेतृत्वबारे समेत समीक्षा गर्नुपर्नेबेला आएको छ ।

अहिलेको खाँचो आमनागरिकले भरोसा गर्न सक्ने बलिया दलहरूको हो । दलहरूको विभाजन होइन्, एकता र ध्रुवीकरण हो । एउटै दलले प्रस्ट बहुमत ल्याउन नसके पनि ढुक्कले पाँच वर्ष सरकार चलाउन सक्ने गठबन्धन संस्कृतिको हो । सत्तामा पुग्नकै लागि विचारधारा मिल्दै नमिल्ने शक्तिको समीकरण होइन, विचार मिल्ने ध्रुवीकरणको हो । त्यसका लागि अहिले भइरहेका नेकपा, राप्रपा र रास्वपा–विवेकशील साझालगायतका एकता र ध्रुवीकरण सकारात्मक छन् । राजनीतिक अस्थिरता र अन्योलले आमनागरिकमा उत्पन्न निरासा चिर्न पनि निर्णायक राष्ट्रिय शक्तिका रूपमा दलहरू आउनुपर्छ । त्यो महायज्ञ आमचुनाव नै हो, त्यसअघि नै दलहरूले आफूलाई ठिक ध्रुवमा उभ्याउनु राजनीतिक हुन्छ ।

# भ्रष्टाचार नियन्त्रण कहिले ?

*इतिहास, वर्तमानको अवस्था र अन्तर्राष्ट्रिय अनुभवले प्रस्ट्याएको छ कडा कानुन, प्रभावकारी कार्यान्वयन र निरन्तर जनदबाबबिना भ्रष्टाचार नियन्त्रण सम्भव छैन ।*

अग्रलेख



● चन्द्रबहादुर बस्याल

नेपालमा अनियमितता र भ्रष्टाचार कुनै एक क्षेत्र वा समयसँग सीमित समस्या होइन । यो राज्य सञ्चालनका प्रायः सबै तह र निकायमा गहिरिएर बसेको संरचनागत रोगजस्तै बनेको छ । राजस्व संकलन, विकास आयोजना, धरौटी व्यवस्थापन र वैदेशिक सहायता परिचालनजस्ता संवेदनशील क्षेत्रमा समेत अनियमितता र भ्रष्टाचार हुनु राज्यको सुशासनप्रति गम्भीर चुनौती हो । राजनीति, प्रशासन र निजी क्षेत्रबीचको मिलेमतोले यो समस्या झन् संस्थागत हुँदै गएको छ । जसले भ्रष्टाचार नियन्त्रण गर्नुपर्ने जिम्मेवारी पाएका छन्, उनीहरू नै त्यसको जालोमा फस्नु संवैधानिक र कानुनी दृष्टिले मात्र होइन, नैतिक दृष्टिले पनि गम्भीर विचलन हो ।

विश्वका विकसित देशहरूले भ्रष्टाचार नियन्त्रणलाई राज्यको प्राथमिक दायित्व मानेर कडा नीति, प्रभावकारी निगरानी र दण्डहीनताविरुद्ध शून्य सहनशीलताको अभ्यास गर्दै आएका छन् । नेपालमा भने यस्ता नीति र अभ्यासलाई दृढतापूर्वक कार्यान्वयन गर्न नसक्दा अनियमितता र भ्रष्टाचारले राज्यका प्रायः सबै संस्थालाई छोएको देखिन्छ । जब अनियमितता बढ्छ, तब दण्डहीनता मौलाउँछ र दण्डहीनताले अराजकतालाई जन्म दिन्छ । यसको प्रत्यक्ष असर शासन प्रणाली, आर्थिक विकास र नागरिकको राज्यप्रतिको भरोसामा पर्छ ।

महालेखा परीक्षकको कार्यालयले हरेक वर्ष सार्वजनिक गर्ने प्रतिवेदनहरू हेर्दा अनियमितता र बेरुजुको अवस्था सुधारिनुको सट्टा झनै बढ्दै गएको देखिन्छ । अर्बौं रुपैयाँ बराबरको बेरुजु वर्षेनी थपिनु सामान्य घटनाजस्तै भइसकेको छ । तर ती बेरुजु गर्ने वा गराउनेमाथि प्रभावकारी कारबाही नहुँदा सार्वजनिक निकायभित्र उत्तरदायित्वको भावना कमजोर बन्दै गएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगका वार्षिक प्रतिवेदनहरूले पनि संघ, प्रदेश र स्थानीय तीनै तहका सरकारी कामकारबाहीमा भ्रष्टाचारको जरो गहिरो हुँदै गएको संकेत गर्छन् । सरकारी कार्यालयहरूमा देखिने ढिलासुस्ती, अनियमितता र भ्रष्टाचारजन्य व्यवहार नियन्त्रण नगरी सुशासनको कल्पना गर्न सकिँदैन ।

हालैका वर्षहरूमा नागरिक चेतनामा देखिएको जागरणले भने केही आशा जगाएको छ । गएको भदौ २३ र २४ मा देखिएको जेनजी आन्दोलनले भ्रष्टाचारविरुद्ध युवा पुस्ताको आक्रोश र असन्तुष्टि सतहमा ल्यायो । यसले सत्तामा रहेका भ्रष्ट आचरणमा संलग्न व्यक्तिहरूलाई झस्काएको अनुभूति भयो । यस्ता आन्दोलनले तत्काल परिणाम नदेखाए पनि दीर्घकालमा राज्यलाई जवाफदेही बनाउने दबाब सिर्जना गर्छन् । ट्रान्सपरेन्सी इन्टरनेसनलले सार्वजनिक गर्ने रिपोर्टमा नेपालको स्थान निरन्तर कमजोर देखिनु पनि राज्य संयन्त्रभित्रको भ्रष्टाचार गम्भीर स्तरमा छ भन्ने हो ।

नेपालको इतिहासमा भ्रष्टाचार नियन्त्रणप्रतिको चेतना नयाँ होइन, पृथ्वीनारायण शाहले आफ्नो दिव्योपदेशमा भ्रष्टाचार गर्नेहरूलाई राज्यका शत्रु भनेका थिए । तर विडम्बना, तिनकै वंशजको सक्रिय नेतृत्वमा चलेको पञ्चायतकालमा समेत अनियमितता, कुशासन र भ्रष्टाचार राजपरिवारको संरक्षणमा फस्टाएको इतिहास छ । यसले देखाउँछ कि व्यक्ति वा प्रणाली मात्र परिवर्तन हुनु पर्याप्त हुँदैन, राजनीतिक इच्छाशक्ति र नैतिक प्रतिबद्धता अनिवार्य हुन्छ ।

२०४६ पछि बहुदलीय व्यवस्था पुनःस्थापना हुँदा जनतामा सुशासन र पारदर्शिताको ठूलो अपेक्षा थियो । तर समयसँगै अनियमितता, नातावाद, कृपावाद र भ्रष्टाचार घट्नुको सट्टा झन् संस्थागत हुँदै गयो । २०५१ पछिका वर्षहरूमा त राज्यका साधनस्रोतको दोहन, हिनामिना र दुरुपयोगमा राजनीतिक प्रतिस्पर्धा नै देखिन थाल्यो । १० वर्षे सशस्त्र विद्रोह सञ्चालन गरेको तत्कालीन माओवादी जब मूलधारको राजनीतिमा आयो, उसले पनि भ्रष्टाचारमुक्त राजनीतिक अभ्यास स्थापित गर्न सकेन । संसद् स्वयं भ्रष्टाचार र कुशासनविरुद्ध सशक्त आवाज उठाउने थलो बन्न नसक्नु लोकतन्त्रकै कमजोरीका रूपमा देखियो ।

गठबन्धन राजनीतिक अभ्यासले समस्यालाई झन् जटिल बनाएको छ । सत्ताको भागबण्डा र शक्ति सन्तुलनको नाममा राज्य दोहनमा सानाठूला सबै दल संलग्न हुँदा जनतामा निराशा र आक्रोश बढ्नु स्वाभाविक हो । राजनीतिक अस्थिरता, नीति असंगति र सत्ता स्वार्थले दुई तिहाइको सरकारसमेत धराशायी हुनु यसैको परिणाम हो । पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणमा देखिएको अनियमितता प्रकरणले भ्रष्टाचारको जालो कति गहिरो र मजबुत छ भन्ने स्पष्ट देखायो । यस्ता ठूला परियोजनामा भएको भ्रष्टाचारले राज्यको आर्थिक क्षति मात्र होइन, अन्तर्राष्ट्रिय स्तरमा देशको छविमा समेत नकारात्मक असर पार्छ ।

नक्कली भुटानी शरणार्थी प्रकरण, भिजिट भिसा प्रकरण, नेपाल ट्रस्टको जग्गा भाडा विवादजस्ता घटनाहरू निष्पक्ष, स्वतन्त्र र प्रमाणका लागि परीक्षा हुन् । यस्ता प्रकरणलाई राजनीतिक दबाब वा शक्ति सन्तुलनको नाममा अलपत्र पारिए भ्रष्टाचार नियन्त्रणको प्रयासमाथि नै प्रश्न उठ्छ । विगतझैँ सानालाई कारबाही गर्ने र ठूलालाई उन्मुक्ति दिने प्रवृत्ति दोहोरिनु हुँदैन । भ्रष्टाचारमा संलग्न जो-कोही, जुनसुकै पद वा हैसियतको भए पनि कानुनको दायरामा आउनुपर्छ ।

> *महालेखाले हरेक वर्ष सार्वजनिक गर्ने प्रतिवेदनहरू हेर्दा, अनियमितता र बेरूजुको अवस्था सुधारिनुको सट्टा झनै बढ्दै गएको देखिन्छ । अर्बौं रूपैयाँबराबरको बेरूजु बर्सेनि थपिनु सामान्य घटनाजस्तै भइसकेको छ ।*




भ्रष्टाचार पैसा लेनदेनमा मात्र सीमित हुँदैन । अख्तियारको दुरुपयोग गर्नु, भ्रष्टाचारीलाई संरक्षण गर्नु र कानुनी प्रक्रियालाई प्रभावित पार्नु पनि भ्रष्टाचारकै रूप हुन् । त्यसैले कार्यकारिणी, व्यवस्थापिका र न्यायपालिका जस्ता संवैधानिक अंगहरू स्वयं जवाफदेही र पारदर्शी हुनु अपरिहार्य छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महालेखा परीक्षकको कार्यालय र न्यायालयजस्ता संस्थाहरूमा स्वतन्त्रता, निष्पक्षता र व्यावसायिकता सुनिश्चित नगरी भ्रष्टाचार नियन्त्रण सम्भव छैन ।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो जस्ता निकायको अनुभव र दक्षतालाई राजनीतिक हस्तक्षेपबाट मुक्त गरी प्रयोग गर्न सकियो भने अनुसन्धान प्रक्रिया अझ प्रभावकारी हुन सक्छ । भ्रष्टाचार नियन्त्रण गर्ने निकायहरूलाई केवल कानुनी अधिकार मात्र होइन, नैतिक बल र जनसमर्थन पनि आवश्यक हुन्छ । जब राज्य संयन्त्र, नीति र कानुनहरू इमानदार रूपमा सक्रिय हुन्छन्, तब मात्र भ्रष्टाचारमुक्त समाजको आधार तयार हुन्छ ।

भ्रष्टाचार नियन्त्रण राज्यको मात्र होइन, नागरिक समाज, सञ्चार माध्यम र आम नागरिकको साझा दायित्व हो । इतिहास, वर्तमानको अवस्था र अन्तर्राष्ट्रिय अनुभवले प्रष्ट्याएको छ कडा कानुन, प्रभावकारी कार्यान्वयन र निरन्तर जनदबाब बिना भ्रष्टाचार नियन्त्रण सम्भव छैन । यदि यी सबै पक्ष एकै दिशामा अघि बढ्न सके, नेपाल पनि क्रमशः भ्रष्टाचारबाट मुक्त, सुशासित र न्यायपूर्ण राज्यतर्फ अग्रसर हुन सक्छ ।

## इतिहासमा आज

२५ डिसेम्बर १९८९ मा रोमानियाका पदच्युत राष्ट्रपति निकोले चाउसेस्कु र उनकी श्रीमती एलेनालाई मृत्युदण्डको सजाय सुनाइएको थियो र संक्षिप्त मुद्दा पछि मृत्युदण्ड दिइएको थियो ।



२५ डिसेम्बर १९९१ मा मिखाइल गोर्बाचेभले सोभियत संघको राष्ट्रपति पदबाट राजीनामा दिएका थिए । जसको भोलिपल्ट संघ आफैं विघटन भएको थियो ।



२५ डिसेम्बर २०१९ मा फिलिपिन्समा फानफोन आँधीका कारण २० जनाको मृत्यु भएको थियो भने र हजारौं घरबारविहीन भएका थिए ।



२५ डिसेम्बर २०२४ मा अजरबैजान एयरलाइन्सको उडान ८२४३ काजाकिस्तानको अक्ताउमा दुर्घटनाग्रस्त भएको थियो, जसमा ३८ जना यात्रुको मृत्यु भएको थियो ।



## सामाजिक सञ्जाल



हरि रोका

'पाँच महिनामा थपियो सवा खर्ब सार्वजनिक ऋण, पौने ८ खर्बको आयात हुँदा सवा खर्बको निर्यात', बैंकहरूमा पैसा थुप्रेको थुप्रेइ, गाउँमा मिटरव्याजीले बसाइँ हिँडाइरहेछन् । खेत बाँझिदै छन्, मानव बेचबिखन जारी छ । राजनीतिज्ञ सत्ता-युद्धमा छन् । यीसँग रूपान्तरणको कुनै कार्यक्रम छैन । जनता जनार्दन ! सोचौं एकपटक ।



सुजन पण्डित

विद्या भण्डारी असाधारण नेतृत्व क्षमता र उच्च राजनीतिक चेतका कारण दुई कार्यकाल राष्ट्रपति हुन पाएको मान्छे होइन, धमलासँग हालै उनले व्यक्त गरेको धारणाले उनी खासमा राष्ट्रपति हुन लायकी मान्छे नै होइनन् भन्ने लाग्यो । उनीमार्फत एमाले कब्जा गर्ने पुकदाको मनसुवा नपुगेको चाहिँ पक्कै हो !



चन्द्र भण्डारी

हामीले बदल्न खोजेको राज्यको प्रवृत्ति ! 'म' बाट 'हामी' ! चाहेको संविधान संशोधनमार्फत समाधान । माध्यम-संवाद, पारदर्शिता र सहकार्य । आजको आवश्यकता विचारप्रतिको विश्वास, जहाँ विश्वासलाई विश्वास चाहिन्छ ! अन्ततः जनताको निर्णय ! कार्यान्वयन गर्न इमानदार इच्छाशक्ति भएको नेतृत्व !



किशोर नेपाल

छँदखाँदाको हेटौंडा सहर 'भग्नावशेष' बनेको छ । सडक बिस्तारको नाममा सडकका दुवैतर्फका घर भत्काइएका छन् । मूल सडक र बजारलाई हानी नोक्सानी नगरी सुगम यातायातका लागि वैकल्पिक सडक पनि त निर्माण गर्न सकिन्थ्यो । त्यसो नगरेर यस्तो धुनधुकारी काम किन गरेको होला सरकारले ?

# कानुनी राजको खोजी

विचार



● नबराज न्यौपाने

> *सार्वजनिक जीवनमा देखिने रवाफ र आडम्बरले होइन, जिम्मेवार जवाफ र उत्तरदायित्वले समाज अघि बढ्छ । उत्तेजनाले क्षणिक प्रभाव पार्न सक्छ, तर दीर्घकालीन समाधान विवेकपूर्ण तर्कले मात्र सम्भव हुन्छ ।*

आजको समाजमा बहस, विमर्श र निर्णय प्रक्रियामा देखिँदै आएको एक गम्भीर समस्या भनेको रवाफ, उत्तेजना र कमजोर हुँदै गएको नैतिकता हो । रवाफ र जवाफ उस्तै भयो भने त्यहाँ संवादको सट्टा टकरावको संकेत देखिन्छ । जवाफ विवेकबाट होइन, उत्तेजनाबाट निर्देशित हुन थाल्यो भने सत्य ओझेलमा पर्छ र निष्कर्ष न्यायपूर्ण हुँदैन । दुर्भाग्यवश, हाम्रो समाज यस्तै दिशातर्फ उन्मुख हुँदै गएको अनुभूति सर्वत्र छ, जुन कानुनी राजका लागि गम्भीर चुनौती हो ।

हामी प्रायः कानुनी राजको कुरा गर्वका साथ गर्छौं । भाषण, सभा, सामाजिक सञ्जाल र सार्वजनिक मञ्चहरूमा कानुनी राज लोकतन्त्रको आधारस्तम्भ भएको दाबी गरिन्छ । तर व्यवहारमा हेर्दा कानुनभन्दा भावनालाई, तर्कभन्दा उग्र बोलीलाई र सत्यभन्दा भीडको तालीलाई प्राथमिकता दिने प्रवृत्ति बलियो बन्दै गएको छ । जब निर्णय लोकप्रियताको आधारमा हुन थाल्छ, तब कानुनको मूल्य घट्छ । यस्तो प्रवृत्ति स्वयं कानुनी राजको मर्मविपरीत हो ।

कानुनी राजको मूल अर्थ सबै नागरिक कानुनअगाडि समान हुनु हो । कोही शक्तिशाली, प्रभावशाली वा लोकप्रिय हुँदैमा उसलाई कानुनभन्दा माथि राख्न मिल्दैन । तर आजको वास्तविकतामा प्रभावशाली व्यक्तिका लागि कानुन लचिलो र सामान्य नागरिकका लागि कठोर देखिने अवस्था बढ्दै गएको छ । यही दोहोरो मापदण्डले राज्यप्रति नागरिकको विश्वास कमजोर बनाइरहेको छ । नागरिकले कानुनलाई न्यायको औजार होइन, दमनको माध्यमका रूपमा हेर्न थाले भने कानुनी राज खोक्रो नारामा सीमित हुन्छ ।

आज सार्वजनिक बहसको स्तर पनि चिन्ताजनक बन्दै गएको छ । फरक विचार राख्नेहरूलाई सुन्ने संस्कार कमजोर हुँदै गएको छ । असहमति राख्नु लोकतन्त्रको आत्मा हो, तर हाम्रो समाजमा असहमतिको उत्तर तर्क होइन, आक्रोश र दबाब बन्न थालेको छ । जब विचारको प्रतिस्पर्धा उत्तेजनाको भीडले प्रतिस्थापन गर्छ, तब सत्यभन्दा आवाज ठूलो हुनेहरूको जित हुन्छ । यस्तो अवस्थामा कानुनी राज मात्र होइन, लोकतान्त्रिक संस्कार नै संकटमा पर्छ ।

यस सन्दर्भमा नैतिकताको प्रश्न अझ गम्भीर देखिन्छ । हामीले विद्यालय तहदेखि नैतिक शिक्षा त पढ्यौं, तर व्यवहारमा ती मूल्यहरू क्रमशः हराउँदै गएका छन् । स्वार्थ, लोभ र क्षणिक फाइदाले सत्य, इमानदारी र उत्तरदायित्वलाई पछाडि धकेलेको छ । जब नैतिकता कमजोर हुन्छ, तब कानुनको कार्यान्वयन पनि कमजोर हुन्छ । किनभने नैतिकता बिना कानुन केवल कागजी नियमको संग्रह मात्र बन्छ, जसको पालना डरले गरिन्छ, आस्थाले होइन ।

आजको समाजलाई कानुनप्रतिको चेतना र बुझाइ अत्यन्त आवश्यक छ । कानुन के हो, किन आवश्यक छ र यसको पालना नगर्दा समाजमा कस्तो असर पर्छ भन्नेबारे नागरिक सचेत हुनु अनिवार्य छ । उत्तेजनामा बहकिनु भन्दा विवेक प्रयोग गर्ने, लोकप्रिय नाराको पछि लाग्नु भन्दा सत्यको पक्ष लिन सक्ने चेतनशील समाज नै कानुनी राजको बलियो आधार हो । कानुनप्रतिको सम्मान केवल अदालत र प्रहरीबाट होइन, नागरिकको व्यवहारबाट देखिनुपर्छ ।

सार्वजनिक जीवनमा देखिने रवाफ र आडम्बरले होइन, जिम्मेवार जवाफ र उत्तरदायित्वले समाज अघि बढ्छ । उत्तेजनाले क्षणिक प्रभाव पार्न सक्छ, तर दीर्घकालीन समाधान विवेकपूर्ण तर्कले मात्र सम्भव हुन्छ । यदि हामीले आजै कानुनी राज, नैतिकता र सामाजिक चेतनाबीच सन्तुलन कायम गर्न सकेनौं भने कानुनी राज भाषण, लेख र नारामा मात्र सीमित रहनेछ । न्यायपूर्ण, सभ्य र विश्वासयोग्य समाज निर्माणका लागि अब गम्भीर आत्ममन्थन अपरिहार्य भइसकेको छ ।

# उखु खरिदमा चिनी उद्योगीको सिन्डिकेटविरुद्ध आन्दोलन घोषणा



**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, ९ पुस

मधेश प्रदेशमा सञ्चालित चिनी उद्योगीहरुले उखु खरिद-बिक्रीमा लगाएको सिन्डिकेटको विरोधमा रौतहटका उखु किसानहरुले आन्दोलनको घोषणा गरेका छन् ।

किसानहरुका अनुसार रौतहट, बारा, पर्सा र सर्लाही जिल्लामा सञ्चालित चिनी उद्योगीहरुले आपसी सहमतिमा आफ्नो जिल्लाभित्र मात्रै उखु खरिद गर्ने निर्णय लागू गरेका छन् । यसअनुसार, एक जिल्लाको उखु अर्को जिल्लाको उद्योगले खरिद गर्न पाउँदैनन् ।यस निर्णयका कारण रौतहटका किसानहरू बारा, पर्सा वा सर्लाहीको चिनी उद्योगमा उखु बिक्री गर्न सकेका छैनन् । रौतहटका किसानहरूले अब आफ्नै जिल्ला रौतहटमा सञ्चालनमा रहेको एकमात्र चिनी उद्योग बाबा बैजुनाथ सुगर एण्ड केमिकल्समा मात्र उखु बिक्री गर्न बाध्य भएका छन् ।

किसानहरूले यस निर्णयलाई उद्योगीहरूको स्वार्थप्रेरित सिन्डिकेटको रूपमा आलोचना गर्दै तत्काल खारेज गर्न माग गरेका छन् । बुधबार फतुवा विजयपुर नगरपालिका-९, विजयपुर बजारमा सयौं किसानहरू भेला भई सिन्डिकेटविरुद्ध प्रदर्शन र आन्दोलन कार्यक्रम घोषणा गरेका छन् । किसानहरूले माग सम्बोधन नभए कडा आन्दोलन गर्ने घोषणा गरेका छन् ।

नेपाली कांग्रेसका नेता ज्ञानेन्द्र प्रसाद यादवले सिन्डिकेट तुरुन्त खारेज गर्नुपर्ने बताए । उनका अनुसार किसानले उत्पादन गरेको उखु आफूले चाहेको उद्योगमा बिक्री गर्ने स्वतन्त्रता सुनिश्चित हुनुपर्ने हो । एमाले नेता शिवपुजन यादवले पनि किसानको हक-अधिकारमाथि उद्योगीहरूले हस्तक्षेप गर्न नपाउने बताए । वडाध्यक्ष राकेश यादव (पप्पु यादव)ले पनि उद्योगीहरूले किसानमाथि अन्याय गरेको बताए ।

स्थानीय किसान बिजय अधिकारीका अनुसार सिन्डिकेटको विरोध स्वरूप तत्कालका लागि बाबा बैजुनाथ सुगर चिनी मिलमा उखु बिक्री नगर्ने निर्णय गरिएको छ । समाधान ननिस्केसम्म काटिसकिएको उखु खेतमै राखिने र बाँकी उखु पनि मिलमा नदिने निर्णय गरिएको छ ।

अन्दोलनको पहिलो चरणमा उखु उत्पादक किसान संघर्ष समिति समेत गठन गरिएको छ । ज्ञानेन्द्र प्रसाद यादवको अध्यक्षतामा गठन भएको ५१ सदस्यीय समितिको उपाध्यक्षमा कुमार शिवाकोटी, सचिवमा राजकरण राय यादव, कोषाध्यक्षमा सुरेश यादव चयन भएका छन्। सदस्यहरूमा लालबाबु पटेल, बिजय अधिकारीलगायत रहेका छन् । संघर्ष समितिले माग पुरा नभए चरणबद्ध आन्दोलन गर्ने चेतावनी दिएको छ ।

यसैबीच, कटहरिया नगरपालिका-९, डुमरियामा सञ्चालित बाबा बैजुनाथ सुगर एण्ड केमिकल्स उद्योगका उद्योगपति बैजु प्रसाद बाबराले आफ्नो उद्योगले किसानमाथि कुनै सिन्डिकेट लागू नगरेको दाबी गरे ।

# सात महिनामै जन्मिएको कम तौलका शिशुको सफल उपचार



**संखुवासभा/मस-** जिल्ला अस्पताल संखुवासभामा समयपूर्व ७ महिनामै जन्मिएका १७ सय ५० ग्राम तौलको नवजात शिशुको इन्क्युबेटरमा राखेर पहिलो पटक सफल उपचार भएको छ । जन्मिएको केही दिनमै तौल घटेर १५ सय ग्राम पुगेको शिशुलाई थप उपचारका लागि नोबेल मेडिकल कलेज पठाइएको थियो । नोबेल मेडिकल कलेजमा ७ दिनसम्म उपचार गराएर फर्काइएका शिशुलाई जिल्ला अस्पताल संखुवासभामा अत्याधुनिक इन्क्युबेटरमार्फत उपचार सुरु गरिएको थियो । इन्क्युबेटरमा राखेर निरन्तर उपचारपछि शिशुको स्वास्थ्यमा उल्लेखनीय सुधार आउँदै तौल बढेर १९ सय ग्राम पुगेको छ । उक्त शिशु सभापोखरी १ धुपुकी १७ वर्षीया प्रविना लिम्बुले मंसिर ८ गते जन्माएकी थिइन् । जन्मिँदै श्वासप्रश्वासमा समस्या देखिएपछि शिशुलाई ५ दिनसम्म भेन्टिलेटरमा राखेर उपचार गरिएको थियो । त्यसपछि १८ दिनसम्म एनआईसीयूमा निगरानीमा राखी उपचार गरिएको बालरोग विशेषज्ञ डा.शान्ति शिवाकोटीले जानकारी दिइन् ।

झण्डै एक महिनासम्मको सघन उपचारपछि बुधबार आमा र शिशु दुवैको स्वास्थ्य अवस्थामा सुधार आएपछि अस्पतालबाट डिस्चार्ज गरिएको छ । नर्सिङ ट्रस्ट यूकेले करिब एक महिना अघि मात्र जिल्ला अस्पताल संखुवासभालाई दुई वटा अत्याधुनिक इन्क्युबेटर हस्तान्तरण गरेको थियो । समयपूर्व जन्मिने नवजात शिशुलाई सुरक्षित वातावरणमा राखी उपचार गर्न इन्क्युबेटर अत्यावश्यक हुने भएकाले यसले अस्पतालको नवजात सेवा क्षमतामा महत्वपूर्ण टेवा पुर्‍याएको अस्पताल प्रमुख डा. सन्तोष देवले बताए ।


## जनप्रिय बचत तथा ऋण सहारी संस्था लि.
कुमारीपाटी-५, ललितपुर, फोनः ०१-५४४४४५७

### आठौं वार्षिक साधारण सभाको सुचना

मिति २०८२/०९/६ गते आइतवार बसेको यस संस्थाको सञ्चालक समितिको बैठकको निर्णय अनुसार संस्थाको आठौं वार्षिक साधारण सभा तपसिलमा उल्लेखित मिति, समय र स्थानमा गरिने भएकोले उपस्थितिको लागी सम्पुर्ण शेयरधनि सदस्यज्यूहरुमा यसै सुचना मार्फत जानकारी गराईन्छ ।

तपसिल

**साधारण सभा हुने समय, मिति र स्थान**
**मिति** : २०८२/०९/२७ गते आईतबार
**स्थान** : संस्थाको कार्यालय, कुमारीपाटी, ललितपुर
**समय** : दिनको ठिक १ वजे

**वार्षिक साधारण सभामा छलफल हुने प्रस्तावित विषयहरु :**
१. सञ्चालक समितिको तर्फबाट संस्थाको अध्यक्षद्वारा प्रस्तुत संस्थाको वार्षिक कार्य प्रगती प्रतिवेदन तथा आगामी कार्ययोजना उपर छलफल गरी पारित गर्ने ।
२. आर्थिक वर्ष २०८१/०८२ को लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा-नोक्सान हिसाब र नगद प्रवाह लगायतका वित्तीय विवरणहरु पारित गर्ने ।
३. आ.व. २०८२/०८३ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. संस्थाको सञ्चालक समिति र लेखा समितिको निर्वाचन गर्ने सम्बन्धमा ।
५. वार्षिक साधारण सभाबाट पारित निर्णयहरुलाई प्रमाणित गर्नको लागी प्रतिनिधी नियुक्त गर्ने सम्बन्धमा ।
६. विविध ।



## साउदीमा रोजगारको अवसर
कम्पनीः MARYAM HADI AL-WADAEI FOUNDATION शहरः JEDDAH
पूर्व स्वीकृत मितिः २०८२/०९/०९ चलानी नं.: ६०२४९५६४ LT. No.: 335923

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Load unload Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३८,१७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८२ पुष १७ गते (1 January 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**PRINCE INTERNATIONAL EMPLOYMENT SERVICE PVT. LTD.** Govt. Lic. No. 435/060/061
Samakhusi- 26, Kathmandu, Nepal. Tel.: +977- 01-43876550, Mobile No: 9851078710, 9808735410, 9843465784, Email: employmentprince@gmail.com, website: www.employmentprince.com.np.



## कतारमा रोजगार
कम्पनी : CONDOR BUILDING CONTRACTING शहर: DOHA
पूर्व स्वीकृत मितिः २०८०/१०/२९ चलानी नं.: ६०२१४८५६ LT. No.: 299913 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Reinforce Fitter | 14 | 0 | स. काममा दक्ष | 1400 | ५४,९७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ARCHITECTURAL TRADE AND SERVICES शहर: QATAR
पूर्व स्वीकृत मितिः २०८१/०६/०८ चलानी नं.: ६०२२५७७४ LT. No.: 311258 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ५४,९७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Installation Technician | 2 | 0 | | 1400 | ५४,९७८ | | | | | | | |
| 3. | Supervisor | 1 | 0 | | 3000 | १,१७,८१० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुष १७ गते (1 January 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

**थ्रि ब्रदर्श ह्युमन रिसोर्स प्रा.लि.** श्रम ईजाजत पत्र नं. ७१३/०६४/०६५
बत्तिसपुतली-९, काठमाडौ, फोन नं. ०१-४५६५३९४, ९८२३३२३५७७, E-mail: threebrothershrrec@gmail.com



## युएईमा रोजगार
कम्पनीः ROYAL FALCON SECURITY L.L.C शहरः UAE
पूर्व स्वीकृत मितिः २०८२/०९/०९ चलानी नं.: ६०२४९५८३ L.T. No.:336067

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 150 | 50 | स. काममा दक्ष | 1200 | ४६,७७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुष १७ र १८ गते (1 & 2January 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

**SUNERA NEPAL INCORPORATED PVT. LTD.** Govt. Lic No.: 367/059/060
Post Box No: 19023, Maharajgunj- 03, Basbari, Kathmandu
Tel.: 01-5908134, 9851063268, 9851034709, 9801907630
Email ID: Info@suneranepal.com.np, Website: Www.suneranepal.com



## जापानमा रोजगार
कम्पनी : CTS SUPPORT COOPERATIVE ASSOCIATION शहर : JAPAN
पूर्व स्वीकृत मितिः २०८२/०९/०९ चलानी नं.:६०२४९५७४ LT. No.: 335716

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Japanese Yen | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Machine ( Excavation Work) | 2 | 0 | स. काममा दक्ष | 203033 | १,८६,७९० | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छ | ३ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरीक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा ३ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) निर्माण सम्बन्धि कामको निमित्त सम्बन्धित उद्योग, उद्यम वा सम्बन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।
**दरखास्त साथ पेश गनुपर्ने आवश्यक कागजातहरु:**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र । (छ) नेपालमा आफु कार्यरत रहेको सम्बन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफु कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजको प्रतिलिपि ।
**१) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति** : स्थान यस प्रालिको कार्यालय, यो सूचना प्रकाशित भएको मितिले २८ दिन भित्र
**२) प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवद्धन खर्च समेतको ) कुल खर्च** : नि शुल्क
**३) प्रशिक्षार्थी छनौट गर्ने तरीका, मिति र स्थान, छनौट तरिका, अन्तर्वार्ता**
**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी**
१) आफु काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् ।
२) विदेश जानुअघि अभिमुखीकरण तालीम अनिवार्य लिनुहोस् ।
३) अनिवार्य रुपमा विमा गराउनुहोस् ।
४) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस् । सोको एक प्रति आफुसँग राख्नुहोस् ।
५) श्रम स्वीकृतिविना वैदेशिक रोजगारीमा नजानुहोस् । वैदेशिक रोजगारमा जाँदा नेपालका एयरपोर्ट प्रयोग गर्नुहोस् । वैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नुहोस् । इजाजतप्राप्त रोजगार प्रा.लि.मा आफै गई आवश्यक कुरा बुभ्नुहोस् । अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुभ्नुपरे वैदेशिक रोजगार विभाग तीनकुनेमा सम्पर्क राख्नुहोस् ।
७) काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस् । ८) काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस् । ९) करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस् ।

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौमा २०८२ पुस १७ गते (1 January 2026) मा हुनेछ ।

**नोटः जापानिज भाषा स्पष्टसँग बोल्न, पढ्न र लेख्न सक्ने हुनुपर्नेछ । जापान सरकारले औधोगिक प्रशिक्षार्थीको रुपमा लिने, कुनैपनि कामको बारेमा अनुभवी प्रशिक्षकबाट तालिमको पनि व्यवस्था छ । साथै औधोगिक प्रतिस्थानमा प्रयोग हुने व्याबहारीक जापानिज भाषा अडियो तथा भिडियोको माध्यमबाट जापानिज भाषा सिकाइन्छ ।**

**BHUMIPUTRA FOREIGN EMPLOYMENT SERVICE PVT.LTD.** श्रम इजाजत नं. १०९४/०७३/०७४
Saraswoti Marga-02, Gairidhara, Kathmandu, Nepal
Tel: 01-5917711, 01-5917811 , Email: bhumiputraemployment@gmail.com
Mobile No: 9802370799, 9803019993, 9802377378, 9802377375. Website: bhumiputraemployment.com



## युएईमा रोजगार
कम्पनीः AL BASMA AL BAIDHA BUILDING MAINTENANCE शहरः AJMAN
पूर्व स्वीकृत मितिः २०८२/०४/२० चलानी नं.: ६०२४२३८४ LT. No.:328494 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५८,४७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Scaffolder | 6 | 0 | | 1500 | ५८,४७० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुस १७ गते (1 January 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

**SKY OF THE WORLD MANPOWER PVT. LTD.** श्रम ई. पत्र नं.: १०३६/०७३/०७४
Tilganga-9, Manpower Bazar, Kathmandu, Tel.: 01- 4591316, Mob.: Mob.: 9851068774, 9851035867
E-mail : skymanpower1039@gmail.com, info@skymanpower.com.np, Web.www.skymanpower.com



## कुवेतमा रोजगार
कम्पनी : RETAILCO LADIES BEAUTY SALON COMPANY शहरः KUWAIT
पूर्व स्वीकृत मितिः २०८२/०९/०९ चलानी नं.: ६०२४९५२८ LT. No.: 335803

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician | 0 | 4 | स. काममा दक्ष | 150 | ६९,९३९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुष १७ गते (1 January 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

**KANGAROO HUMAN RESOURCES PVT. LTD.** Govt. Lic. No.: 1381/074/075
P O box No: 12772, Battisputali-9, Kathmandu, Phone No: 01-4565882, 4565885
9802376740, 9801854401, E-mail : kangaroohumanrec@gmail.com, Web.: www.kangaroohr.com



## साउदीमा रोजगार
कम्पनी : GRAY LINE CONTRACTING COMPANY शहरः SAUDI ARABIA
पूर्व स्वीकृत मितिः २०८२/०९/०९ चलानी नं.: ६०२४९५६० L.T. No.:335959

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading & Unloading Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३८,१७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL- KHATT AL- RAMMADI FOR CONTRACTING शहरः SAUDI ARABIA
पूर्व स्वीकृत मितिः २०८२/०९/०९ चलानी नं.: ६०२४९५५९ L.T. No.335958

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Furniture Carpenter | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४९,६२१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Heavy Equipment Driver. | 2 | 0 | | 2500 | ९५,४२५ | | | | | | | |
| 3. | Loading & Unloading Worker | 2 | 0 | | 1000 | ३८,१७० | | | | | | | |
| 4. | Painter | 1 | 0 | | 1300 | ४९,६२१ | | | | | | | |
| 5. | Shelf Fillers | 1 | 0 | | 1300 | ४९,६२१ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुस १७ गते (1 January 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

**K L Employment Service (P) Ltd.** श्रम इजाजत नं.: ७०१/०६३/०६४
शम्भु मार्ग, एयरपोर्ट, काठमाडौं, फोन : ४५६४११३, ४५९३१८०,
Email: info@klemployment.com.np | Web: www.klemployment.com.np


## नबिल बैंक लिमिटेड तानसेन शाखा, पाल्पाको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

**(प्रकाशित मितिः : २०८२/०९/१०)**

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता ब्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

